अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान

ABHIYAN WEEKLY साप्ताहिक

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : ५ / २०८३ भदौ ५ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Aug. 21, 2026 / मूल्य रु. १०/-

## सरकार गफमा व्यस्त डेलिभरीमा कमजोर

काठमाडौ । गएको फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकारले जनतालाई डेलिभरी दिन नसक्दा जनताले खाली सिलि(डर बोकेर ग्यास पाउनका लागि संघर्ष गरिरहेका छन् । बालेन सरकारले जनतालाई सहज र सरल रूपमा डेलिभरी दिने भनेपनि त्यो प्रधानमन्त्री बालेनको फेसबुक स्टाटसमै सिमित भएको छ । सरकारको काम भनेको पूराना राजनीतिक दलका नेताहरूलाई गाली गर्ने र प्रतिशोधको राजनीति गर्नेमा सिमित भएको जस्तो देखिएको छ ।

गत हप्तादेखि जनताले सहज रूपमा खाना पकाउने ग्यास पाउन सकेको छैनन् भने सरकारले ग्यास डिलरहरूलाई माइनस गरेर आफैं विभिन्न क्षेत्रबाट ग्यास वितरण गर्न थालेको थियो ।

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# २०८२ भाद्र २३ र २४ गतेको घटनाको वास्तविकता बाहिर ल्याउ बालेन सरकार

## बैकल्पिक भनिएका रास्वपा र बालेन सरकार पनि व्यक्तिवाद मै सिमित !

देवेन्द्र चुडाल



काठमाडौ । २०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यलाई टेकेर नै रास्वपा नेतृत्वको बालेन सरकार गठन भएको हो । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको अनुसन्धान नै भएको छैन । किन र कसको नेतृत्वमा त्यस्तो विध्वसात्मक कार्य भयो भनेर तत्कालिन सुशिला कार्की नेतृत्वको सरकारले गौरीबहादुर कार्कीको नेतृत्वमा छानविन समिति गठन गरेको भएपनि समितिले पूर्ण रूपमा अनुसन्धान नै गरेन भने भाद्र २४ गतेको विध्वसात्मक कार्यको अनुसन्धान गरी कारबाही हुनुपर्ने ठहर कार्की आयोगले गरेको थियो । राष्ट्रिय मानवअधिर आयोगले समेत आयोगका सदस्यको लीली थापाको संयोजकत्वमा समिति बनाएको थियो सो समितिले समेत विवादास्पद प्रतिवेदन सरकारलाई बुझाएको भएपनि आजसम्म बालेन सरकारले प्रतिवेदन सार्वजनिक नै गरेको छैन भने कारबाहीको विषय त परै जाओस् ।

विश्वको कुनैपनि लोकतान्त्रिम मुलुकमा नयाँ शक्तिको उदय हुनु र पूराना दलहरूले चुनौतीका सामना गर्नु स्वाभाविक राजनीतिक प्रक्रिया नै हो । तर नेपालको सन्दर्भमा यो प्रक्रिया स्वस्थ प्रक्रियामा होइन कुरूप ध्रुवीकरणमा परिणत भएको छ । पूराना दलहरूले आफ्ना गल्तीहरु सुधार गरेर कार्यसम्पादन सुधार गर्ने तत्परता देखाउनुपर्नेमा त्यस्तो अवस्था देखिएको छैन भने नयाँ भनिएका दलहरूले समेत आक्रोश र कुण्ठा बोकेर विकल्प बन्न खोज्नु दुवै आत्मघाती बाटामात्र हुनु । यदि कुनै चाहे पूराना दलहरु हुन् वा नयाँ दलहरु नै किन नहुन् उनीहरूले व्यक्ति केन्द्रीत राजनीतिलाई लोकप्रियतावादी भाष्य बनाएर त्यसै अनुरूप अगाडि बढ्न खोजेको अवस्थामा तत्कालिन अवस्थामै उनीहरु सिमिति हुन पुग्दछन् ।

गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपाले आफ्नो नेतृत्वमा २०८२ चैत्र १३ गते बालेन साहको

>>> बाँकी ८ पेजमा

## सत्तामा पुगेर प्रतिशोध लिनुमात्र राजनीति हो र ?

ललितपुर । विहानीले दिउँसोको संकेत गर्दछ भन्ने उखान नेपालमा रहेको छ । यो उखान ठ्याक्कै बालेन सरकारसँग मेल खान्छ । गतवर्ष भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यलाई टेकेर त्यसैको बलमा गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकारको ५ महिने कार्यकाल हेर्दा सुभ संकेत देखिएको छैन ।

बालेन सरकार गठन भएकै दिनदेखि प्रतिशोधको राजनीतिमा उत्रिएको थियो सो क्रम अहिलेसम्म जारी रहेको छ । पुराना भनिएका राजनीतिक दल र तिनका

>>> बाँकी ८ पेजमा

## पुराना दलका समर्थक झोले, के नयाँका दास त ?

काठमाडौ । गत भाद्र २३ भएको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर र भाद्र २४ गते विध्वसात्मक कार्य गरेर सत्ता परिवर्तन त भयो तर व्यवस्था परिवर्तनको झल्को समेत जनताले पाउन सकेका छैनन् । पछिल्लो समयमा नयाँ भनिएको दलहरूले पुराना भनिएका दलका नेता र कार्यकर्ता अनि समर्थकहरूलाई झोले, भ्रष्ट भन्दै आफ्नो राजनीतिक दुनो सोझ्याउने कार्यमात्र गरि जनतालाई समेत झोले र भ्रष्ट भन्दै त्यसैको ट्याक भिराउन नयाँ भनिएका दलहरु लागि परेका छन् ।

पुराना र नयाँको बहसले नेपालको राजनीति र विचार विमर्षलाई नीतिगत छलफल र विचार अनि सिद्धान्तबाट टाढा पुर्‍याउँदै गएका छन् । नयाँ भनिएका दलहरूमा अर्थतन्त्रलाई कसरी सुधार गर्ने ? रोजगारी कसरी सिर्जना गर्ने ? शिक्षा, स्वास्थ्यलाई कसरी गुणस्तरीय र प्रभावकारी बनाउने, संघीय शासन व्यवस्थालाई

>>> बाँकी ८ पेजमा

## सरकारकै नालायकीपन, ग्यास सिलिण्डरमा पोखियो !

काठमाडौ । जान्नेलाई छान्ने भन्ने रास्वपा नेतृत्वको बालेन सरकारले जनतालाई अनाहका सास्तीमा पारेको छ । बर्षाको समयमा ग्यास उपभोक्ताहरु खाली सिलिण्डर लिएर सरकारले तोकेको वितरण केन्द्रमा पुगेका भएपनि दिनभर पानीमा रूझ्दै ग्यास पाउने आशामा बसेका भएपनि रित्ता हात फर्किनुपर्ने बाध्यतामा उपभोक्ता रहेका छन् । ग्यासको हाहाकार हुनुको पछाडि कुनै ठोस कारण देखिँदैन । भारतबाट नियमित रूपमा ग्यास आयात भैरहेको भएपनि किन र कसका कारणले ग्यासको हाहाकार भयो भन्ने जनताको जवाफ दिन सरकारले सकिरहेको छैन ।

नेपाल आयल निगमले ग्यास आयात गरिरहेको छ । त्यो पनि नियमित भन्दा बढी तर बजारमा किन ग्यास अभाव भयो भनेर बालेन सरकारले त्यस विषयमा जनतालाई जानकारी दिएर सर्वसुलभ रूपमा डिलरहरूबाट ग्यास उपलब्ध गराउनुको सट्टा निगमले नै विभिन्न क्षेत्रबाट सिमित मात्रामा ग्यास उपलब्ध गराउन थालेको थियो ।

डिलरहरूबाट ग्याँस पाउँदै आएका उपभोक्ताहरूलाई अहिले डिलरहरूले ग्यास उपलब्ध गराउन सकेका छैनन् । निगमले त ग्यास सिमिति मात्रामा विक्रि वितरण गर्न थालेपछि एकातिर डिलरहरु असन्तुष्ट रहेका छन् भने अर्कोतिर उपभोक्ताहरु रित्तो

>>> बाँकी ८ पेजमा

## समाचार प्रकाशन र वैयक्तिक गोपनियताको अधिकार अलग अलग हुन्

काठमाडौ । गत श्रावण २५ गते जनआस्था अनलाइनमा प्रकाशित तस्वीर र समाचारलाई लिएर वैयक्तिक गोपनियता भङ्ग गरेको जाहेरीका आधारमा प्रहरीले किशोर श्रेष्ठलाई श्रावण २७ गते पक्राउ गरेर हिरासतमा राखेको थियो । तर सर्बोच्च अदालतले भाद्र १ गते उपलब्ध कागजात र दुवै पक्षको बहस पछि श्रेष्ठलाई थुनामा राखेर अनुसन्धान गर्नुपर्ने अवस्था नदेखिएको र नरहेको निष्कर्ष निकालेको छ ।

श्रेष्ठ जनआस्था पत्रिकाका सम्पादक रहेपनि विवाद परेको जनआस्था अनलाइन पोर्टलको सम्पादकीइ भूमिकामा रहेको नदेखिएको उल्लेख गरिएको छ । श्रेष्ठ विरूद्ध जाहेरीमा उल्लेख गरिएको तस्वीर जाहेरवालाकै फेसबुकबाट लिएको भन्ने विषय खण्डित हुन नसकेको पनि सर्बोच्च अदालतको आदेशमा उल्लेख गरिएको छ । अनुसन्धान गर्नुपर्ने भएपनि मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५ बमोजिम श्रेष्ठलाई हाजिरी जमानीमा छाडेर वा तारिखमा राखेर मुद्दाका अनुसन्धान गर्न सकिने अदालतको आदेशमा उल्लेख गरिएको छ । त्यही कारणले गर्दा जिल्ला प्रहरी परिषद् काठमाडौका नाममा परमादेश जारी गर्दै उक्त आदेश कार्यान्वयन भएको जानकारी सर्बोच्चलाई गराउने भनिएको छ ।

व्यक्तिगत गोपनियताको हक उल्लंधन भयो कि भएन भने मूल प्रश्नको निरूपण भने सम्बन्धित अनुसन्धान र मुद्दाका प्रक्रियाबाटै हुने सर्बोच्च अदालतले स्पष्ट पारेको छ । त्यसका लागि पत्रकार वा सञ्चारमाध्यमसँग सम्बन्धित व्यक्तिलाई अनिवार्य रूपमा थुनामा राखिरहनुपर्ने अवस्था भने नरहेको सर्बोच्च अदालतलको निष्कर्ष रहेको छ । श्रेष्ठलाई रिहाईको आदेश दिंदा सर्बोच्चले प्रेस तथा अभिव्यक्ति स्वतन्त्राको सम्वैधानिक व्यवस्थालाई समेत विस्तृत रूपमा व्याख्या गरेको छ ।

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्री अब संसदमा जवाफ दिन बाध्य



काठमाडौ । प्रधानमन्त्री बालेनले प्रत्येक महिनाको पहिलो हप्ताको एकदिन प्रतिनिधिसभाका सांसदसँग प्रश्नोत्तर गर्नुपर्ने नियमलाई वेवास्ता गर्दै आएका थिए । प्रधानमन्त्री बालेनले गत जेष्ठ १७ गते संसदको बैठकमा उपस्थित भएर रोष्ट्रमबाटै भारतले मात्र होइन नेपालले समेत भारतको भूमि मिचेको रहेछ मैले त्यसको जानकारी प्रधानमन्त्री भएपछि मात्र थाहा पाएको हुँ भन्ने अभिव्यक्ति दिएका थिए । त्यही अभिव्यक्तिलाई लिएर विपक्षी दलहरूले विरोध जनाउँदै त्यस विषयमा प्रष्ट पार्न र नेपालले कहाँ कहाँ कति भारतको भूमि मिचेको छ त्यसको जानकारी प्रधानमन्त्रीले रोष्ट्रममा उभिएर दिनुपर्ने माग गरिरहेका थिए । तर प्रधानमन्त्री भने संसदमा उपस्थित भएर जानकारी दिन तयार थिएनन् उनी संसदको बैठकमा आउँदै आएका थिएनन् ।

प्रतिनिधिसभाको बैठकमा लामो समयदेखि उपस्थित नभएका प्रधानमन्त्री बालेन भने अब संसदको रोष्ट्रममा उभिएर सांसदहरूले उठाएको प्रश्नको जवाफ दिन बाध्य भएका छन् । विपक्षी दलहरूले संसदको बैठक सुरू हुनासाथ प्रायः बैठक बसेको सबै दिनमा प्रधानमन्त्रीको जवाफ माग्दै बैठकको सुरूमै उभिएर विरोध जनाईरहेका थिए । सभामुख डिपी अयालले समेत प्रधानमन्त्रीलाई सांसदहरूले उठाएका प्रश्नको जवाफ दिन आग्रह गरेपनि प्रधानमन्त्री बालेन तयार देखिएका थिएनन् । तर भाद्र १ गते बसेको प्रतिनिधिसभाको बैठकमा विपक्षी दलहरूले बैठक सुरू हुनासाथ आ आफ्नो स्थानबाट उभिएर प्रधानमन्त्रीले जवाफ दिनु पर्ने माग गरेपछि सभामुख अर्यालले प्रधानमन्त्रीलाई संसदमा आएर सांसदको प्रश्नहरूको जवाफ दिन रूलिङ गरेका छन् । सांसदहरूले सभामुख अर्याललाई प्रधानमन्त्रीलाई संसदमा

>>> बाँकी ८ पेजमा

## १८ करोड ऋणको भारी बोकेर धुर्मुस अमेरिका फर्किए

काठमाडौँ । कलाकार सीताराम कट्टेल (धुर्मुस) अमेरिका फर्किएका छन् । उनले नेपाल बसाइको दुई महिनामा अथक प्रयास गर्दा पनि चितवनको रंगशालालाई विनियोजित बजेट फ्रिज पारिएको तर ऋणमुक्त हुन नसकिएको बताएका छन् ।

सामाजिक सञ्जालमा भावकु स्ट्याटस लेखदै उनले आशा भने जीवित रहेको उल्लेख गरेका छन् । उनले भनेका छन्, 'यो पटक त शतप्रतिशत न्याय पाउनेछौँ, आˆनै माटोमा दुःख–सुख साट्नेछौँ र पहिलेजस्तै फेरि हजुरहरूलाई हँसाउनेछौँ भन्ने ठूलो सपना बोकेर छोरीसहित मातृभूमि फर्किएको थिएँ ।' तर प्रयास असफल भएको उनले लेखेका

>>> बाँकी ८ पेजमा

# Countering Hostile Propaganda against the CPEC

**Mr Kabir**

When during the regime of the President Gen. Pervez Musharraf, Pakistan initiated the construction of Gwadar deep-seaport in Balochistan province in March 2002 with Chinese assistance, sirens went off in the capitals of some European countries, especially the US, India and Israel which took it as a threat to their global and regional plans.

Located on the southwestern coast of Pakistan, Balochistan's Gwadar seaport is close to the Strait of Hormuz from where more than 17 million barrels of oil pass every day. Its ideal location among South Asia, the oil-rich Middle East, and oil and gas-resourced Central Asia has further increased its strategic significance. Besides, Balochistan's abundant mineral resources irritate the eyes of the America, India and Israel which intend to destabilize Pakistan for their collective aims, as the latter is also the only nuclear country in the Islamic World. However, development in Pakistan's province of Balochistan has shifted the gravity of the Great Game of Central Asia to Pakistan.

In this respect, the China-Pakistan Economic Corridor (CPEC) which is part of China's One Belt, One Road (OBOR) or China's Belt and Road Initiative (BRI) is rapidly developing. CPEC will prove to be a gateway to prosperity for both countries as well as the region. Under the project, China is investing as much as $62 billion in various sectors in Pakistan in a phased manner. Investments under the CPEC in the infrastructure and implementation of various related projects intensified the pace of economic growth of Pakistan which will provide a greater boost to the fragile economy of the country.

In this regard, the Executive Committee of the National Economic Council (ECNEC) on August 5, this year approved the up-gradation of existing Mainline-1 (ML-1), the 1,872-kilometre railway project from Peshawar to Karachi, including the establishment of a dry port near Havelian and upgrading Walton Academy.

The project was approved at the rationalised cost of US$6,806.783 million, on a cost-sharing basis between the governments of China and Pakistan.

Under the project, the existing 2,655-kilometre track would be upgraded, while the speed of passenger trains would increase from 65/110 kilometres per hour to 165 kilometres per hour and the line capacity would increase from 34 to 137/171 trains each way per day.

The project would be completed by June 2023 and it is expected to enhance Pakistan's global ranking in cross border trade-related indicators. It would also serve as the integration point bridging cargo/logistics systems and other trade-related processes.

Besides, under CPEC, energy projects made progress in 2019-20. The two energy sector projects- the Engro Thar Power and Mine project (660 MW) and HUBCO Coal Power Project (1320 MW) were commissioned on July 10, 2019 and August 14, 2019 respectively. As a result, the ground-breaking ceremony of Gwadar 300 MW Coal Power project was held on November 4, 2019. So, the first phase of the construction of the CPEC was very successful, while 22 major energy and transportation infrastructure projects having been put into operation.

As regards the CPEC project, Prime Minister Imran Khan and Chief of Army Staff General Qamar Javed Bajwa are keen to see the implementation of CPEC projects on a priority basis. Hence, the work on projects continued even during Convid-19. However, with the successful experience in the first stage, Islamabad has already given approval to the establishment of 10 special economic zones in the four provinces.

In fact, CPEC will open new doors of development relating to various fields, as the national economy of the country will grow fast, leading to the creation of new job opportunities, poverty reduction, and development of transportation sector, boost industrial growth and exports. The other areas of the project include industrial parks, agricultural development, tourism, financial cooperation, improvement in municipal infrastructure, education, public health and people-to-people communication. The energy sector has been assigned top priority to help Islamabad overcome energy shortages.

And Gwadar Port Project is the central point of Pak-China strategic partnership with its strategic location and potential for becoming the future economic and energy hub.

Nevertheless, the establishment of CPEC between deep Gwadar seaport of Balochistan and the historic Silk Road city in western regions-Xinjiang of China will connect Gilgit-Baltistan through Khunjerab Pass. Beijing would also build an international airport at Gwadar, while the roads infrastructure in Gwadar would link the communication network of the rest of the country to facilitate the transportation of goods.

When Gwadar seaport becomes fully operational, it would connect the landlocked Central Asian states with the rest of the world. Being the commercial hub, the port is likely to increase the volume of trade, bringing multiple economic and financial benefits to Pakistan. It will enable high-volume cargo vessels to move in the major oceans, giving China's short and easy access to the Persian Gulf and the Indian Ocean.

India was openly opposing the CPEC-OBOR or BRI; the US also joined New Delhi. In this context, on October 3, 2017, the then US Defence Secretary James Mattis told the Lawmakers, "The United States has reiterated its support for India's opposition to China's One Belt, One Road initiative...the China-Pakistan Economic Corridor (CPEC) a part of which traverses Pakistan-Kashmir."

Islamabad strongly rejected the statement from the American defence chief that the multibillion-dollar road and rail network CPEC will pass through a disputed territory of Kashmir, urging the international community to focus on blatant human rights violations and 'heinous crimes' committed by Indian occupation forces in the Indian Occupied Kashmir (IOK), and reminded that America that Washington had also participated in an OBOR summit.

Earlier, a statement from the Chinese foreign ministry also dismissed Mattis' statement, saying that the OBOR plan was backed by the United Nations and that CPEC was an economic cooperation initiative. Beijing has also clarified Indian concerns on the CPEC or OBOR. But, apart from the US, India is particularly opposing the CPEC as part of the anti-Pakistan and anti-China approach.

In this respect, besides America and India, some western countries, including their media have started hostile propaganda against the CPEC.

In this connection, the Chinese Consul General in Karachi, Li Bijian stated on September 8, 2020: "China-Pakistan Economic Corridor will continue to grow and expand despite the negative propaganda by certain countries as it is the flagship project of "One Belt and One Road Initiative" of China".

A day after a controversial interview of a key government adviser cast doubts over future of the China-CPEC project, Chief of Army Staff General Qamar Javed Bajwa met the Chinese ambassador in the General Headquarters (GHQ) in Rawalpindi on September 12, this year and assured him that the CPEC is Pakistan's economic future and its security will not be compromised. The meeting came against the backdrop of a recent report by Financial Times which quoted the Prime Minister's Adviser on Textile and Commerce Abdul Razzak Daud as saying that the newly formed federal government might revisit the CPEC projects.

Nonetheless, the Chinese government has dismissed the criticism as western propaganda and insisted that the CPEC will equally benefit Pakistan.

At this juncture, the media of China and Pakistan must counter the hostile propaganda of the US-led countries against the CPEC, as they do not want to see development and prosperity in Pakistan and China, including the entire region.

# The underlying constants of Afghan crisis

**Inam Ul Haque**

Afghanistan remains one of the most widely covered crises of modern times. True to 21st-century fad, there is a mushrooming army of so-called 'Afghan experts'. These experts — to quote former Afghan cabinet minister Mohammed Ehsan Zai — "read 'The Kite Runner' on [the] plane and believe they are [an] expert on Afghanistan." There are desk officers with no ground experience who cobble together books from hearsay and claim greatness. These tenure-based bureaucrats tend to make faulty assumptions. There are military veterans with limited/sectoral exposure, who end up creating personality cults. Then there are freelance writers who tend to become outright racist and bigoted in their description of Afghans and Afghanistan.

It is strongly felt that in the absence of a multidisciplinary approach, cutting across political science/economy, international relations, sociology, and anthropology… for example; such analyses risk becoming personal experiences with limited universal applicability. Sociology strongly rebuffs sweeping generalisations about people and countries. Unless backed by rigorous analysis, academic adroitness, and fieldwork; Afghans and Afghanistan would remain an enigma.

The following Op-Eds continue my earlier work on Afghanistan and aim at distilling some 'constants' gleaned from some three centuries of Afghan history. These have helped shape attitudes and policy formulation in Afghanistan and are by no means exhaustive.

First, the nature of the Afghan monarchy. Unlike the contemporary monarchies, the Durrani monarchy created by Ahmed Shah Baba around 1747 was a 'tribal confederation' with the king deriving power from the tribes, and not the other way round. This shaped subsequent Afghan approaches towards authority and governance.


Second, and following from the above; modern state formation in Afghanistan has, therefore, remained a failed exercise, whether under the erstwhile farangi , later Shoravi (Russian) or modern Amreeki tutelage. Afghan political culture abhors a strong centre, especially if it is imposed.

Third, Afghans (the term by extension covers Pashtun tribes on both sides of the Durand Line) are almost entirely Muslim, converted en-bloc around the times of the pious caliphs. They did so, as they find no major deviations in Pukhtunwali/Pashtunwali — the operative code covering everyday life — and the teachings of Islam. Both reinforce each other in major areas. All Pathan tribes are Sunni except the Bangash tribe west of Kohat and Turi tribes in Parachinar, Pakistan. The latter are actually Turkic.

Interestingly, the Taliban worldview of Islam is essentially the rural Pashtun worldview... although interaction with the wider world, as refugees, has introduced reform and changes in this outlook.

Fourth, paradoxically if ever there is a conflict between code (riwaj) and Islam, Pukhtunwali would prevail. Literature aplenty to substantiate that major decrees of the Peoples' Democratic Party of Afghanistan (PDPA) — during the 1979 Saur Revolution — were reinforcing Islamic teachings; yet the society revolted. The white-bearded elderly cadre (spin-geeree masharan) scoffed at the clean-shaven, Moscow-educated young communists, who asked them to change the social status quo. They fumed at these young zealots telling them how to live.

Efforts to speed up societal



change in riwaj-bound Afghan society would eventually fail, even if the change is good overall. The 'nation-building' plans of the US — launched with much fanfare later, lie in the dust. The world still doesn't seem to have learned any lesson. Outsize emphasis on women/minority rights, freedoms, and constitution, etc would complicate the ongoing intra-Afghan dialogue. Fifth, it is interesting to see self-appointed experts criticising Afghans for being undemocratic. They need to know that Afghanistan had the representative Loya Jirga (Lower House) and Masharano Jirga (Upper House) since much earlier. Afghans are extremely egalitarian. It is only in the developed democracies that federating units enjoy greater autonomy like in the present political dispensation of Afghanistan. Therefore, the imposition of a strong centre in an intensely democratic Afghanistan has and would never succeed.

Sixth, despite inter and intra-tribe differences and conflicts, all Afghans (including the non-Pashtuns) subscribe to a unique sense of nationhood. This is the binding glue, preventing any touted division of Afghanistan along ethnic lines.

Seventh, like all tribal societies, Afghanistan has an inherent conflict resolution mechanism in the form of the jirga. This mechanism works effectively in the absence of foreign interlocutors, with no Afghan faction looking over the shoulder. Repeated interference has battered this system, hence the prolonged conflict and instability.

Eight, under the tenets of Pukhtunwali, khegara/shegara (doing favour/good to others) occupies a central place. But the favour has to be returned in order to re-establish the social equilibrium that is disturbed when an Afghan receives a favour. Having done so, the Afghan feels being on an equal footing, unencumbered by complexes. The Afghan does not feel to be perpetually indebted. Pakistan's hope of Afghanistan remaining grateful to us in eternity is, therefore, a misplaced over-expectation, based on lack of sociological understanding.


Ninth, following on from the above postulation, it is instructive to sometimes listen to the Afghans about our continued harping on hosting Afghan refugees and Pakistan's help in the Jihad since the Soviet times. They reckon, Afghans fought Pakistan's battle, as, without Afghanistan, the Soviet Bear would be sunbathing on the beaches of Karachi. And for refugees — they cite — it was Pakistan's religious obligation to provide refuge in line with our lofty claims of Muslim solidarity.

Lastly, massive migration and continued life under different social underpinnings have changed Afghan society marginally. The newer power elite have emerged, as during my fieldwork in a refugee camp in the 1980s; 'ration malik' was the emerging power elite, responsible for the camp's ration distribution. Afghans have otherwise tried to jealously guard their traditions. Dead bodies are still sent back as far as possible and there are negligible inter-marriages with locals.

The continued conflict has exacted a deadly cost in human and material terms from Afghanistan, yet to be accounted for. The hapless, ragtag but determined Afghans have forced two superpowers in our lifetime to bite the dust. Faith and commitment were central to their success, besides other reasons. The Afghans deserve empathy in the world, not disdain or racial-profiling.

Moulvi Abdul Ghani Baradar standing next to Mike Pompeo is an epoch in the making. Afghan Baqi, Kuhsar Baqi. Alhamdo-Lillah, Alhamdo-Lillah [Afghans and their mountains would keep standing, praise to Allah].

# हिन्दु छन्, राजा छन्, हिन्दुराष्ट्र र राजतन्त्र छैन



• राजन कार्की
rajan2012karki@yahoo.com

विश्वमा हजारौं धर्म र आस्थाहरु रहेका छन् । ८५ प्रतिशत विश्वजनसंख्या धर्ममा विश्वास गर्छन् । इसाई २.३८ बिलियन, इस्लाम १.९ विलियन, अन्य मुख्य धार्मिक जनसंख्यामा हिन्दु, बुद्धिजम, जुडिसियन रहेका छन् । अन्यमा सिन्तो, ताओइजम, सिखइजम, जैनिजम १.२ विलियन रहेका छन् ।

मुख्यतः बौद्ध, इसाई, इस्लाम धर्म नै रहेका छन् । स्याम्युअल पी. हन्टिङटनका अनुसार अहिलेको अवस्थामा प्रमुख धार्मिक परम्पराहरूका अनुयायीहरूको जनसांखिक अनुपातको प्रतिशत यसप्रकार रहेकोछः पश्चिमी ईसाई २९.९ प्रतिशत, अर्थोडक्स ईसाई २.४ प्रतिशत, स्लाम १९.२ प्रतिशत, गैरधार्मिक १७.१ प्रतिशत, हिन्दू १३.७ प्रतिशत, वौद्ध ५.७ प्रतिशत, लोक चीनियाँ २.५ प्रतिशत, कबिलाई १.६ प्रतिशत र नास्तिक ४. प्रतिशत। ।

यी मध्ये नेपाल विश्वमै एक्लो हिन्दुराष्ट्र थियो । भएको हिन्दु राष्ट्रलाई धर्मनिरपेक्ष घोषणा गरेर पार्टीहरूले देशको पहिचान मेटाइदिए ।

राजाले निर्माण गरेको नेपालमा राजा छन्, राजतन्त्र छैन । ९४ प्रतिशत ॐकार परिवार छन्, हिन्दुराष्ट्र छैन ।

२०६५ सालमा अवैधानिक रूपमा राजतन्त्र हटाउनेहरूलाई २०८२ फागुन २१ को चुनावमा जनताले किनारा लगाइदिएका छन् । किनारा लगाएकै मध्येको प्रजातान्त्रिक नेपाली कांग्रेसका पूर्वसभापतिले म हिन्दु हुँ, हिन्दु हुँ भन्दै सनातन हिन्दुराष्ट्रको पक्षमा बोलेपछि नयाँ पार्टीले सम्हालेको सत्ताको बागडोरबाट संविधान संशोधन गर्ने तैयारी गरिएको छ र यहीकारण नेपाल पुनः हिन्दुराष्ट्र बन्नसक्ने सम्भावना देखिएको छ ।

हुन त केही वर्षअघिदेखि नै नेपाली कांग्रेसका हजारभन्दा बढी महासमिति सदस्यहरूले नेपाल हिन्दुराष्ट्र र राजतन्त्र पुनर्स्थापनाको बहस छेडिरहेका थिए । लाग्छ, जसले हिन्दुराष्ट्र र राजतन्त्रलाई किनारा लगाएर पश्चिमाको लहैलहैमा धर्मनिरपेक्ष गणतन्त्र घोषणा गरेका थिए, तिनीहरूको राजनीतिक पतनसँगै नेपालको ऐतिहासिक गौरव पुनर्स्थापना हुने मोडमा राजनीति आइपुगेको छ ।

हुन त नेपाल निर्माताका सन्तानले राजतन्त्र हुनुपर्छ भन्ने माग गरेका छैनन् । २०६३ साल वैशाख ११ गते भारतका प्रतिनिधि बेदान्तशास्त्री करण सिंहकै साक्षी रोहबरमा नेपालका पार्टीहरूले राजतन्त्रको निरन्तरता रहने गरी मरेको संसद राजाबाट व्यूँताउन लगाएका थिए । तर राजा त्यही अडानमा आज पनि छन्, पार्टीहरूले आफ्ना कबुल इन्कार गरेर राजनीतिक बेइमानी गरिरहे । यही बेइमानीको परिणाम हो, आजको लथालिङ्ग नेपालको अवस्था ।

२०६३ सालपछि राजासँग राजनीतिक बेइमानी गरेका राजनीतिक दलहरु एमाले, कांग्रेस, माओवादीले आलोपालो सरकार चलाइरहे । लोकतन्त्रलाई लूटतन्त्र बनाइरहे । यी सबैको लेखाजोखा जनताले हिसाव राखेका थिए । जेनजी बिद्रोह, त्यसपछिको निर्वाचनमा जनताले १७ वर्ष जालझेलपूर्ण शासन गर्ने दलहरूलाई डाँडा कटाइदिए ।

रास्वपा र बालेन साह तिलस्मी तरिकाले चुनाव जित्नपुगे । प्रधानमन्त्री बने ।

यी दुवैको लहलहाउँदो राजनीतिक बालीलाई फाँड्न प्रतिपक्षी पुराना दलहरु कम्मर कसेर लागेका छन् । रास्वपाले भ्रष्टाचार त गरेको छैन तर राजनीतिक कमीकमजोरी गर्दै गएकाले तिनै विषयलाई तीलको पहाड बनाएर विपक्षीहरूले आलोचना गरिरहेका छन् । विपक्षीको आलोचना हेर्दा रास्वपा र बालेन साहको लोकप्रियतावाद ह्रासोन्मुख भएको देखिन्छ । यद्यपि युवा र आमासमूहले रास्वपा र बालेन साहप्रति विश्वास गढाएकै छन् । अझै विपक्षीहरु सार्वजनिक जीवनमा उत्रन नसक्नुले रास्वपा र बालेनको क्रेज घटेको मान्न सकिदैन । हिजो प्रश्न गर्ने ठाउँमा थिए रास्वपा र बालेनहरु । आज जवाफ दिने जिम्मेवारीमा छन् । त्यो जिम्मेवारीको बोझ सम्भवत भदौ १० देखि संसद, सडक, सरकार, सामाजिक सञ्जाल सबैतिरबाट रास्वपा र बालेनले दिनुपर्नेछ ।

गणतन्त्रले राजतन्त्रलाई नागार्जुनको जंगलवासमा पुऱ्याएको थियो । एउटा असल नागरिकले झैं पूर्वराजा ज्ञानेन्द्र शाहले संविधानको सीमामा आफूलाई बाँधेर राखेका छन् । राजनीतिक दल र नेताहरूको असफलताले राजतन्त्रको लोकप्रियतालाई बढाइनै रहेको छ । यद्यपि पूर्वराजाले राजा हुन्छु भन्ने महत्वकांक्षा देखाएको देखिन्न । यहीकारण विप्लवजस्ता अतिवादी, गणतन्त्रवादी, सर्वहारावादीले समेत राजा ज्ञानेन्द्रको जस्तो त्याग कुन चाहिं नेताले गर्न सकेका छन् भन्ने विचार राखेको हुनसक्छ ।

१२ वर्षमा खोलो पनि फर्कन्छ भनिन्छ । १७ वर्षपछि भए पनि नेपालको प्रजातन्त्रको बिडा उठाएको भनिने नेपाली कांग्रेसले राजतन्त्र र हिन्दुराष्ट्रको छानो खोज्ने संकेत गरेको छ । वीपीका सच्चा अनुयायी भन्ने देउवालगायतका कांग्रेसीहरु आफ्नो खस्केको राजनीतिक साख यही वीपीको नीतिमार्फत फर्काउन खोजेको देखेर कांग्रेस इतरका विपक्षीहरूको सातो गएको देखिन्छ । उनीहरु अनेक संशय गरिरहेका छन् ।

राजतन्त्र, राजतन्त्र भन्दाभन्दै राप्रपा भाँडियो । कमलथापादेखि राजेन्द्र लिंगदेनसम्मले राजतन्त्रको नीति, सिद्धान्त र निष्ठालाई राजनीतिक स्वार्थमा साटे । राजतन्त्रको मौलो बोक्छु भनेर पूर्वमन्त्री केशर विष्ट, नवराज सुवेदीहरु अघि सरेका थिए, उनीहरु पनि थकित भएर ओथारो बस्नपुगे । ६ दर्जनभन्दा बढी राजतन्त्र र हिन्दुवादी संगठनहरु एक हुन सकेनन् । पछिल्लो समय दुर्गा प्रसाईले राजतन्त्रलाई मेन न्यूजमै पुऱ्याएका थिए । उनको अतिवादी बोलीव्यवहारलाई उनलाई यति धेरैपल्ट पक्राउ गर्ने र छोड्ने क्रमले थिलथिलो बनाइसकेको छ । दुर्गा प्रसाईले लघुबित्त, मिटरव्याज, सहकारी पीडितदेखि सुकुम्वासी समस्यालाई जोडतोडले उठाएकै हुन् । आमनागरिकले उनलाई साथ पनि दिएकै हुन् । यति हुँदा पनि उनी भारतका हुन् कि अन्य मुलुकका लागि उफ्रिरहेका छन् भन्ने प्रश्न उभ्याइदियो । जसले गर्दा पछिल्लो पल्ट राप्रपाबाट फुटेका धवलशमशेर जबराले राजतन्त्र र हिन्दुराष्ट्र ब्यूँताउन जय नेपाल पार्टी गठन गर्न प्रयास गरे, यसमा दुर्गा प्रसाई पनि जोडिए । निर्वाचन आयोगमा दर्ता गर्न जानुअघि दुर्गाले फेरि मुख फोडे- राणाहरु हुन्जेल नेपालमा राजतन्त्र फर्कदैन । त्यसपछि दुर्गा एक्ला भए, धवलशमशेर पार्टी चलाउन अग्रसर भएका छन् । यी सबै राजतन्त्र र हिन्दुवादीलाई पूर्वराजाले उफारेको भन्ने आक्षेत्र राजनीतिक दलहरूको थियो । ती आक्षेपहरु पानीका फोकका झैं उठे, फुटे । अहिले आएर नेपाली कांग्रेस नै अग्रसर भएकाले सत्ता स्वार्थमा हराएको वीपीको नीति जागृत हुने आशा पलाएको छ ।

२०६५ सालदेखि २०८२ सालसम्म जनताले अनेकपल्ट राजतन्त्रसहितको प्रजातन्त्रमा जोड दिइरहेका थिए । जनताको आवाज पार्टीहरूले एउटा कानले सुनेर अर्को कानले उडाइदिए । जनतामा आक्रो बढ्दै गयो । क्षेत्र क्षेत्रमा अभिनन्दन गरेर राजा आउ देश बचाउ भन्ने नारा जनताले लगाएकै हुन् । यसलाई पनि बेवास्ता गरे दलहरूले । दलहरूले जनअपेक्षा होइन, लोकतन्त्रलाई लूटतन्त्रमा रूपान्तरण गरे । जसको परिणति जेनजी आन्दोलन, बिद्रोह भयो । संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान खरानी हुनपुग्यो । शासक र नेताहरूको भागाभाग भयो । त्यसपछिको चुनावमा जनताले नयाँ पुस्तालाई ऐतिहासिक जनादेश दिएका हुन् ।

त्यही सत्ता हो, रास्वपाको, त्यही सरकार हो बालेन साहको । आर्यघाटमा पुगिसकेको संविधानको संशोधन र राजतन्त्र तथा हिन्दुराष्ट्रको पुनर्स्थापनाको माग ।

यसका लागि जनताले, विचारक र बुद्धिजीवीहरूले सुझाव दिएका छन् । त्यही सुझावमाथि नेपाली कांग्रेसले आफ्नो राजनीतिक रणनीति मिसाइदिएको छ । यदि कांग्रेसले आफ्नो यो नयाँ रणनीतिमा कायम रह्यो भने कांग्रेस फेरि उठ्नसक्छ, कांग्रेसले नेपाल र नेपालीको मन जित्नसक्नेछ । नेपाली पहिचान बचाउन सक्ने देखिन्छ ।

गणतन्त्र भएर लोकतन्त्र हुने होइन रहेछ । लोकजीवनमा जुन तन्त्र भिज्न सफल हुन्छ, त्यही लोकतन्त्र हो । बोल्न पाउनु लोकतन्त्र होइन, लोकले बोलेको सुनवाई हुने पद्धति लोकतन्त्र हो । २०६५ सालमा आएको लोकतान्त्रिक जिनिस, भ्रष्टाचारको पोखरी बन्नपुग्यो । जुन पोखरीको फोहर पानीका हरके प्रधानमन्त्री, मन्त्री, प्रशासकहरूले डुबुल्की मारे, फोहरी भए । जसका कारण जेनजी बिद्रोह हुनपुग्यो, भ्रष्टहरूको चरित्रको मृत्युघण्टा यतिखेर हामी सुनिरहेका छौं । राजतन्त्र, हिन्दुराष्ट्र र राष्ट्रवादी प्रजातन्त्र अब राष्ट्रसँग जोडिनुपर्छ, पद्धति बन्नुपर्छ । जनताको चाहना यही हो । जनता राष्ट्र हुन्, राष्ट्रको चाहना पूरा हुनुपर्छ ।

हिन्दु छन्, राजा छन्, हिन्दुराष्ट्र र राजतन्त्र छैन । यो तिक्तता अब मेटिनुपर्छ ।

देशले हिन्दुराष्ट्र, राजा, राष्ट्रवाद र प्रजातन्त्र सबै पाउनुपर्छ ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

## पुराना भनेका सबै गलत भन्ने भाष्य नै गलत ?

गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यलाई लिएर नेपाली राजनीतिक क्षेत्रमा एकमत हुन सकेको अवस्था देखिँदैन । जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई आफ्नो स्वार्थ पूरा गर्ने उदेश्यले केही राजनीतिक दल र केही व्यक्तिहरूले जेनजीहरूको विरोध प्रदर्शनलाई आफ्नो कब्जामा लिएका थिए । त्यही जेनजीहरूको विरोध प्रदर्शनपछि गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई मत पाएको छ । रास्वपाले झण्डै दुई तिहाई मत पाउनुको पछाडि जेनजीहरूको विरोध प्रदर्शनलाई रास्वपाले राम्रोसँग प्रयोग गर्नु र जेनजीहरूको विरोध प्रदर्शनमा र भाद्र २४ गते भएको विध्वसात्मक कार्यमा संलग्न रहेका प्रायः सबै व्यक्तिहरूलाई रास्वपामा प्रवेश गराउनुले गर्दा नै रास्वपाले झण्डै दुई तिहाई मत पाएको थियो ।

पुराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र समेत पटक पटक सत्ताको नेतृत्व पुगेपनि जनताको चाहना र भावनानुसार चल्न सकेका थिएनन् । उनीहरूमा एक प्रकारको दम्भ थियो । हामीहरूबाहेक अरूले मुलुक सञ्चालन गर्न सक्ने अवस्था छैन भनेर । उनीहरूले आलोपालो सत्ता सञ्चालन गरिरहेका थिए । मुलुकभित्र चरम संकट थियो । गुटगत राजनीति र सत्ता हत्याउने खेलले गर्दा सरकारी संयन्त्रहरु समेत प्रयोग हुँदै आएका थिए त्यस विषयलाई जनताले मन पराएका थिएनन् । पुरानाले केही गरेनन् भनेर भाष्य बनाउन केही संघ संस्था, केही व्यक्तिहरु पहिला देखि नै सक्रिय रहेका थिए । उनीहरूले त्यही भाष्यलाई सत्तामा पुग्ने माध्यमको रूपमा प्रयोग गरे आखिरी उनीहरु सफल भए । भाद्र २३ र २४ गते भएको जेनजीहरूको विरोध प्रदर्शनको सफलता भनेको त्यही हो त्यसै कारणले गर्दा अहिले रास्वपा नेतृत्वको बालेन सरकार रहेको छ ।

परिवर्तनका नाममा सबैलाई अस्वीकार गर्ने विषय राजनीतिक रूपमा अति आकर्षक देखिएको छ । तर शासनन व्यवस्था सञ्चालनका दृष्टिकोणले त्यो अत्यन्तै जोखिमपूर्ण रहेको छ र हुन्छ । वास्तविक परिवर्तन भनेको विगतको सफल अभ्यासलाई संरक्षण गर्दै कमी कजमोरीलाई सहासपूर्वक सुधार गर्दै विद्यमान संस्था र नागरिकको विश्वास बढाउने नयाँ संस्कृतिको विकास गर्नु हो । गलत भाष्य प्रयोग गरेर पुराना दल र तिनका नेताहरूलाई गाली गर्दै अघि बढेको खण्डमा तिनै पुराना दलको संस्कृत्तिलाई स्वीकार गर्नु हो । पुरानाले केही गरेनन् हामी देश बनाउँछौं भनेर जनतासामू गएका दल र तिनका नेताहरूले पुरानै नियत देखाउनु र एकोहोरा रूपमा पुरानाले केही गरेनन् भने भाष्य मात्र बनाउन लाग्नु भनेको परिवर्तनका नाममा आफ्नो स्वार्थ पूरा गर्न खोज्नु बाहेक अन्य केही हुन सक्दैन ।

हिजोका पुराना दलहरूले मुलुकलाई अप्ठ्यारो अवस्थाबाट जोगाएर यहाँसम्म ल्याई पुऱ्याएका हुन् । २०७२ सालको भुइचालोका अवस्था सम्झनुहोस् त कसो अवस्था थियो । तर तिनै पुराना दलका नेताहरूले नै विगतको अप्ठ्यारो अवस्थाबाट मुलुकलाई बाहिर निकालेर अहिलेको अवस्थामा ल्याईपुऱ्याएका हुन् भन्ने हेक्का सत्ताधारी दल रास्वपा र सरकारलाई हास् । राजनीतिक दलहरूको मूल्यांकन जनताले आफूलाई परेको अप्ठ्याो अवस्थामा गर्ने हुन् । विगतको अप्ठ्यारो अवस्थाबाट अहिलेसम्मको अवस्थाा मुलुकलाई ल्याई पुऱ्याउने श्रेय तिनै पुराना दल र तिनका नेताहरूलाई जान्छ ।

जेनजी विरोधको माग नयाँ सरकारमात्र थिएन भने तत्कालिन ओली सरकारको परिवर्तनको मात्रै थिएन । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै भाद्र २४ गतेको घटना घटाएको विभिन्न छानविन प्रतिवेदनहरूले देखाएको छ । तर त्यस विषयमा झण्डै दुई तिहाई मत पाएर गठन भएको बालेन सरकार अहिले मौन रहेको छ । जनताले अहिले पनि भाद्र २३ र २४ गते भएको विध्वसात्मक घटनाको सत्यतथ्य बहिर आउनुपर्दछ भनिरहेका छन् तर सत्ताधारी दल रास्वपा र बालेन सरकार एकोहोरा पुराना दल र तिनका नेताहरूलाई कसरी जनताको नजरबाट गिराएर आफ्नो सत्तालाई सहजता ल्याउने भन्नेमै सिमित रहेको छ । विगतमा भएका राम्रा काम र विगतमा भएका विभिन्न प्रकारका आयोग, समिति र संस्थाहरूलाई गिजोलेर र सम्वैधानिक निकायका पदाधिकारी र कर्मचारीहरूलाई बदलाको भावना र यी पूराना दलले निर्माण गरेका संरचना हुन् भन्दै उनीहरूको मानर्मदन गर्ने प्रयास हुनु मुलुककै लागि दुर्भाग्य सावित हुन सक्छ । त्यसै कारणले गर्दा पूराना दल र तिनका नेताहरु नै गलत थिए भन्ने भाष्य तत्काल सुधार हुनु आवश्यक छ ।

आजको आवश्यकता भनेको सबै कुरा भत्काएर नयाँ सुरूवात गर्ने भने होइन पुराना प्रणालीका सकारात्मक पक्षलाई संरक्षण गर्दै कमी कमजोरीलाई सुधार गर्दे नागरिकलाई विश्वासमा लिएर शासन प्रणाली निर्माण गर्नु हो । तर सुधारको नाममा पूरानालाई गलत मात्र भनिने भाष्यले कसैको भुलो हुन सक्दैन त्यसैले बालेन सरकार र रास्वपाले उक्त भाष्यलाई तत्काल सुधार गर्नुपर्ने हामीले ठानेका छौं ।

# रणनीतिक सामर्थ्यतर्फको नेपालको बाटो

**विनोज बस्न्यात**

नेपालको आधुनिक रणनीतिक इतिहासलाई दुई महत्वपूर्ण कृतिको परिपूरक दृष्टिकोणबाट बुझ्न सकिन्छ, लियो ई रोजको 'नेपाल : स्ट्राटेजी फर सरभाइभल' र लुडविग एफ स्टिलरको 'द साइलेन्ट क्राइ : द पिपुल अफ नेपाल, १८१६–१८३९' फरक ऐतिहासिक कालखण्ड र दृष्टिकोणबाट लेखिएका पुस्तक हुन् । यी दुवै कृतिले नेपालको राज्य सञ्चालन र रणनीतिक व्यवहारसम्बन्धी एक मूल विशेषता उजागर गर्छन् । त्यो हो, नेपालले बाह्य शक्तिको असमानतासँग अनुकूलन गर्दै आफ्नो अस्तित्व जोगाउँदै आएको छ, तर आन्तरिक राजनीतिक व्यवस्थालाई त्यही गतिमा रूपान्तरण गर्न भने कठिनाइ भोगेको छ ।

रोजले नेपालको अस्तित्व र सुरक्षाको बाह्य आयामबारे व्याख्या गर्छन् भने स्टिलरले यसको आन्तरिक आयाम उजागर गर्छन् । यी दुवैलाई सँगै राखेर दाँज्दा अहिलेको नेपालका लागि महत्वपूर्ण रणनीतिक चेतावनी प्राप्त हुन्छ ।

लियो ई रोजको 'स्ट्राटेजी फर सरभाइभल'ले आफूभन्दा धेरै शक्तिशाली राज्यका बिचमा अवस्थित सानो राज्य नेपालले आफ्नो अस्तित्व सैन्य वा आर्थिक समानताका आधारमा नभई कूटनीतिक कौशल, रणनीतिक लचकता र प्रतिस्पर्धी शक्तिबिच उपलब्ध रणनीतिक स्थानको उपयोग गरेर जोगाउँदै आएको व्याख्या गरेका छन् ।

त्यसैले नेपालको भूगोल एकसाथ सबैभन्दा ठुलो जोखिम र रणनीतिक सम्पत्ति हो । परम्परागत नेपाली दृष्टिकोणले ठुला शक्तिलाई पराजित गर्न जोड दिँदैन, साथमा कुनै एक शक्तिलाई नेपालमाथि अत्यधिक प्रभाव स्थापित गर्न पनि नदिने जोड रहन्छ । यसलाई 'कमजोरको कूटनीति' भन्न सकिन्छ । यहाँ 'कमजोर'को अर्थ असहाय होइन । खासमा सानो राज्यले कसरी रणनीतिक बुद्धिमत्ता, भूगोल, कूटनीति, समयको सही उपयोग र संस्थागत अनुशासनमार्फत भौतिक कमजोरीको क्षतिपूर्ति गर्न सक्छ भनेर नेपालको इतिहासले नै देखाउँछ ।

स्टिलरको 'द साइलेन्ट क्राई' फरक ऐतिहासिक समस्याबाट सुरू हुन्छ । 'एंग्लो–नेपाल युद्ध (अंग्रेज–नेपाल युद्ध)' र सन् १८१६ को सुगौली सन्धिपछि नेपालको रणनीतिक वातावरण मौलिक रूपमा बदलियो । त्यसअघि विस्तारमा केन्द्रित नेपाल अब राज्यलाई संरक्षण गर्नुपर्ने अवस्थामा पुग्यो । त्यसले सैन्य महत्वाकांक्षा कूटनीतिक व्यवस्थापनमा मोडिनुपर्ने भयो ।

तर, आन्तरिक राजनीतिक प्रतिस्पर्धा, अभिजात वर्गबिचको संघर्ष, प्रशासनिक दबाब र काठमाडौंको राजनीतिक केन्द्र तथा आमजनताबिचको दूरीले आवश्यक समायोजनलाई जटिल बनायो । यहीँ रोजको विश्लेषणसँग स्टिलरको दृष्टिकोण जोडिन्छ । रोजले तत्कालीन नेपाली शासकले बाह्य वातावरण कसरी व्यवस्थापन गरे भन्ने देखाउँछन् भने स्टिलरले त्यही वातावरणमा आन्तरिक राजनीतिक प्रणाली मिलाउन कति कठिन भयो भन्ने देखाउँछन् । यी दुईलाई सँगै राखेर हेर्दा बाह्य सम्बन्धमा सफल भएका पनि आन्तरिक व्यवस्थानमा कमजोर हुन सक्छन्, र अन्ततः त्यही कमजोरीले बाह्य रणनीतिलाई कमजोर बनाउन सक्ने इंगित गर्छ ।

सुगौली सन्धिलाई केवल भूभाग गुमेको ऐतिहासिक सम्झौताका रूपमा मात्र बुझ्नु हुँदैन । यो नेपालको इतिहासमा रणनीतिक मोड थियो । नेपालले आफ्नो विस्तारको नीति त्यागेर राज्य जोगाउने पर्ने आवश्यकता आएपछि सैन्य महत्वाकांक्षाबाट कूटनीतिक व्यवस्थापनतर्फ केन्द्रित भएको अवस्था थियो त्यो । त्यस सन्धिबारे एउटा प्रश्न उठ्छ, के नेपालको राजनीतिक प्रणालीले यो नयाँ वास्तविकतासँग आफूलाई अनुकूलित गर्न सक्यो ? र, समकालीन नेपालका लागि त्यसको पाठ स्पष्ट छ : बाह्य शक्ति–सन्तुलनले आन्तरिक रणनीतिक कमजोरीलाई अनन्तकालसम्म क्षतिपूर्ति गर्न सक्दैन ।

आज नेपालले विगतभन्दा जटिल रणनीतिक माहोलको सामना गरिरहेको छ । भारत–चीन समीकरणमा अमेरिकाको बढ्दो संलग्नता र व्यापक इन्डो–प्यासिफिक प्रतिस्पर्धाले तेस्रो रणनीतिक आयाम थपेको छ । भारत नेपालको अपरिहार्य आर्थिक र भौगोलिक साझेदार हो । चीन बढ्दो आर्थिक, पूर्वाधारगत र रणनीतिक साझेदार हो । अमेरिका तथा अन्य बाह्य शक्ति विकास, प्रविधि, कनेक्टिभिटी र व्यापक अमेरिका–चीन प्रतिस्पर्धामार्फत नेपालमा चासो राखिरहेका छन् । नेपाल कुनै एक रणनीतिक ध्रुवको अंश बन्न सक्दैन । त्यसैले, नेपालको अवस्थालाई 'हाई–वायर रणनीति'का रूपमा बुझ्न सकिन्छ । यसअन्तर्गत सबैसँग संलग्न हुने, कसैमाथि पनि अत्यधिक निर्भर नहुने र रणनीतिक स्वायत्तता कायम गर्दै राष्ट्रिय लाभ अधिकतम बनाउने नीति लिनुपर्छ । सबैसँग सम्बन्ध राख्दै गर्दा आवश्यकताअनुसार छनोटात्मक सहकार्य गर्ने र निर्णय भने आफैँले लिने गर्नुपर्छ । यसमा रणनीतिक कमजोरीका लागि लगभग कुनै स्थान हुनेछैन ।

नेपालले आफूलाई भारत र चीनबिचको 'बफर'का रूपमा मात्र हेर्न छोड्नुपर्छ । बरू क्षेत्रीय कनेक्टिभिटी, ऊर्जा, व्यापार र पूर्वाधारका प्रवाहमा नेपालको सहमति र सहभागिता अपरिहार्य हुने 'डुअल की ट्रान्जिट लक'का रूपमा आफूलाई विकास गर्नुपर्छ । बफरले प्रतिस्पर्धा जनाउँछ भने पुलले सम्पर्क र कनेक्टिभिटी । 'डुअल की ट्रान्जिट' राज्य रणनीतिक साझेदार हुन्छ ।

यसले नेपालको भूगोललाई स्थायी जोखिमबाट रणनीतिक सौदाबाजीको शक्तिमा रूपान्तरण गर्न सक्छ । तर, त्यसका लागि पूर्वाधार, आर्थिक क्षमता, राजनीतिक स्थिरता र विश्वसनीय सुरक्षा संस्था आवश्यक छन् । भूगोलले अवसर सिर्जना गर्छ, राज्यको क्षमताले त्यसलाई शक्तिमा रूपान्तरण गर्छ ।

स्टिलरको सबैभन्दा महत्वपूर्ण चेतावनी यहीँ आउँछ । बाह्य शक्तिले प्रभाव जमाउन सधैँ प्रत्यक्ष प्रवेश गर्नुपर्दैन । आन्तरिक राजनीतिक विभाजनले बाह्य स्वार्थलाई देशको राजनीतिमा प्रवेश गर्ने बाटो खोलिदिन सक्छ । हरेक विदेशी सम्बन्धलाई हस्तक्षेप ठान्नु वा अन्य देशका सरकारसँग सहकार्य गर्ने हरेक घरेलु राजनीतिक शक्तिलाई अविश्वास गर्नु गलत हुन्छ । समस्या त्यतिवेला हुन्छ, जब घरेलु गुटगत प्रतिस्पर्धा नै बाह्य संरक्षण वा समर्थनका आधारमा चल्ने गर्छ ।

यसलाई होमरको इलियाडमा उल्लेख भएजस्तै 'आन्तरिक ट्रोजन हर्स' भन्न सकिन्छ । त्यसैले, राष्ट्रिय सुरक्षाको पहिलो रेखा सीमा मात्र नभई देशभित्रको संस्थागत एकता पनि हुन्छ ।

रोजको रणनीतिक ढाँचा आज पनि सान्दर्भिक छ । तर, नेपालको परिस्थिति बदलिएको छ । 'कमजोरको कूटनीति' त्यस्तो देशका लागि उपयुक्त थियो, जसको प्राथमिक उद्देश्य अस्तित्व जोगाउनु थियो । आज नेपालको चुनौती अस्तित्व जोगाउनेबाट अगाडि बढेर रणनीतिक सामर्थ्य हासिल गर्नु बनेको छ । यसको अर्थ परम्परागत रणनीतिक बुद्धिमत्ता त्याग्नु होइन, त्यसलाई आधुनिक राज्यका आवश्यक क्षमताले समर्थन गर्नु हो । यसका लागि निम्न काम गर्नुपर्ने हुन्छ ।

नेपालले भारत, चीन, अमेरिका र अन्य प्रमुख शक्तिसँगको सम्बन्धमा सन्तुलन कायम राख्नुपर्छ, ताकि कुनै एक बाह्य शक्तिले नेपालको रणनीतिक निर्णयमा असमान प्रभाव स्थापित गर्न नसकोस् । शक्ति सन्तुलन विचारधारा होइन, राष्ट्रिय हितमा आधारित हुनुपर्छ ।

कूटनीतिक लचकता : क्षेत्रीय र विश्वव्यापी परिस्थितिमा परिवर्तन हुँदा नेपालले आफ्नो कूटनीतिक अवस्थिति समायोजन गर्न सक्नुपर्छ । यस्तो लचकताले मूल राष्ट्रिय हितमा सम्झौता नगरी काठमाडौंलाई आवश्यक रणनीतिक 'म्यानुभरिङ स्पेस (चाल चाल्न सक्ने स्थान)' प्रदान गर्छ ।

भारतसँग सावधानीपूर्वक सम्बन्ध व्यवस्थापन : भूगोल, आर्थिक अन्तरनिर्भरता, खुला सीमा र जनस्तरीय सम्बन्धका कारण भारत नेपालको रणनीतिक वातावरणको केन्द्रमा रहनेछ । उद्देश्य न त निर्भरता हुनुपर्छ, न दूरी, बरू आपसी सम्मान, पारस्परिकता, आर्थिक अन्तरनिर्भरता र स्पष्ट राष्ट्रिय हितमा आधारित परिपक्व सम्बन्ध हुनुपर्छ ।

चीनसँग रचनात्मक संलग्नता : नेपालले पूर्वाधार, कनेक्टिभिटी, व्यापार, पर्यटन र लगानीमा चीनसँग सकारात्मक रूपमा संलग्न हुनुपर्छ । तर, ठुला परियोजनाका रणनीतिक र आर्थिक प्रभाव मूल्यांकन गर्दै यस्तो संलग्नताले नेपालको विकल्प विस्तार गर्नुपर्छ, नयाँ अत्यधिक निर्भरता सिर्जना गर्नु हुँदैन ।

टाढाका शक्तिसँग छनोटात्मक संलग्नता : अमेरिका, जापान, युरोपेली देशहरु, अस्ट्रेलिया, दक्षिण कोरिया तथा अन्य मध्यम र प्रमुख शक्तिसँग सम्बन्ध भूराजनीतिक ध्रुवका आधारमा होइन, विशिष्ट राष्ट्रिय प्राथमिकताका आधारमा अघि बढाउनुपर्छ । प्रविधि, लगानी, बजार, ज्ञान र कूटनीतिक अवसर प्राप्त गर्नु यसको उद्देश्य हुनुपर्छ ।

सार्वभौमसत्ताको संरक्षण : एक्काइसौँ शताब्दीमा सार्वभौमसत्ता केवल भूअखण्डताको संरक्षण होइन, राजनीतिक, आर्थिक, प्राविधिक र सुरक्षा निर्णय स्वतन्त्र रूपमा गर्न सक्ने क्षमता पनि हो । बाह्य साझेदारीले नेपालको स्वतन्त्र निर्णय क्षमतालाई कमजोर होइन, बलियो बनाउनुपर्छ ।

स्थायी ध्रुवीकरणबाट बच्ने : नेपालले कुनै प्रमुख शक्ति वा गठबन्धनसँग स्थायी रूपमा आबद्ध हुने नीति अपनाउनु हुँदैन । नेपालको भूराजनीतिले स्थिर निष्ठाभन्दा रणनीतिक लचकता माग गर्छ । तथापि, यसको अर्थ हरेक मुद्दामा समान दूरी होइन, राष्ट्रिय हितअनुकूल विषयमा छनोटात्मक सहकार्य गर्ने र आवश्यक पर्दा असहमति जनाउने वा वैकल्पिक साझेदारी खोज्ने स्वतन्त्रता कायम राख्नु हो । स्थायी आबद्धताले रणनीतिक विकल्प सीमित गर्छ, लचिलो आबद्धताले रणनीतिक विकल्प विस्तार गर्छ । यसको मूल उद्देश्य रणनीतिक स्वायत्तता हो, रणनीतिक एकांकीपन होइन ।

तर, यसका लागि अब नयाँ राष्ट्रिय क्षमताको बलियो आधार आवश्यक छ । परम्परागत रणनीतिक उपायलाई अब नयाँ राष्ट्रिय क्षमताले समर्थन गर्नुपर्छ । तिनमा बाह्य झट्का सहन सक्ने अर्थतन्त्र, ऊर्जा सुरक्षा, प्राविधिक तथा साइबर क्षमतादेखि व्यावसायिक कूटनीति क्षमता विकास गर्नुपर्छ । त्यसबाहेक रणनीतिक सामर्थ्य विकास गर्न घटनापछि प्रतिक्रिया दिनु मात्र होइन, घटनाअघि जोखिम पहिचान गर्नु हो ।

नेपालको तीन तहमा रूपान्तरण गर्नुपर्ने देखिन्छ : बाह्य आयाममा रणनीतिक स्वायत्तता हासिल गरेर, आन्तरिक आयाममा राष्ट्रिय रणनीतिक आत्मविश्वास विकास गरेर आर्थिक आयाममा अहिलेको निर्भरताबाट अन्तरनिर्भरतातर्फ जानुपर्छ ।

रोज र स्टिलरबाट प्राप्त हुने सबैभन्दा महत्वपूर्ण पाठ हो : 'नेपाल इतिहासको कठिन समयमा पनि ठुला शक्तिहरूका बिचमा बाँच्न सक्षम भयो ।' अबको चुनौती भनेको बाह्य रूपमा जति सक्षम रूपमा बाँच्न सफल भएको छ, त्यति नै सक्षम रूपमा आफूलाई आन्तरिक रूपमा रूपान्तरण गर्नु हो । नेपालको अर्को यात्रा केवल अस्तित्व जोगाउने यात्रा हुनुहुँदैन, यो रणनीतिक सामर्थ्य निर्माण गर्ने यात्रा हुनुपर्छ । *-नयाँ पत्रिका*

# सत्यको असंगतिका आराधक

सीके लाल

मञ्चीय परम्पराका लोकप्रिय हिन्दी कवि तथा गजलकार कुँवर बेचैनको बरोबर दोहोरिने एउटा शेर छ- 'दिल पे मुस्किल है बहुत दिल की कहानी लिखना/जैसे बहते हुए पानी पे हो पानी लिखना ।' टाढाबाट भए पनि कविहरूका बीच वैचारिक संवाद भइरहन्छ । चिन्तक, सर्जक र शिक्षक अर्थात् आधुनिक युगका गुरू वा 'सर'- राजेन्द्र विमल (१९४७-२०२६) ले जनकपुरमै पनि 'दिल पे मुस्किल है' गजलको पहिलो शेरको दोस्रो पंक्ति कैयौं पटक सुनेका होलान् । अनि उनले त्यस मत्ला अर्थात् सुरुवाती शेरको काफिया (राइम) र रदिफ (रिफ्रेन) सँग मिल्ने गरी नेपालीमा लेखे- 'तिमी पानीमा पानीले पानी लेखिराख/म माटोमा माटोले माटो लेखिदिन्छु ।' उनको देहावसानपछि प्राणहीन शरीरलाई अग्निमार्फत माटोलाई समर्पित गरिएको होला । धूवाँमार्फत वायुले केही अंश ग्रहण गरेको होला । अस्थिलाई जलमा विसर्जन गरिएको होला । आकाशले के लियो, ठ्याक्कै केही भन्न सकिन्न । गोस्वामी तुलसीदासकृत 'रामचरितमानस' को किष्किन्धाकाण्डमा बालि-वधपछि शोकाकुल तारालाई भगवान् राम जीवन र शरीरको वास्तविकता सम्झाउँदै भन्छन्- 'क्षिति जल पावक गगन समीरा/पञ्च रचित अति अधम शरीरा ।' आचार्य रामचन्द्र शुक्लको आकलनअनुसार हिन्दी साहित्यको भक्तिकाल (सन् १३१८-१६४३) भित्र कथावाचन र गायन शैलीमा भक्तिरसको गंगा बहाउनेहरूमा कबीर, रैदास, सूरदास, मीराबाई र तुलसीदास अग्रणी छन् । अवधी भाषाका अद्वितीय सर्जक तुलसीदासद्वारा रचित र सियावर रामको महिमा सुनाउँदै रामकथा गाउने रामचरितमानस मिथिला क्षेत्रमा अत्यन्त लोकप्रिय छ । मानसका कतिपय चौपाई विमल सरका अभिव्यक्तिहरूमा स्वाभाविक भएर प्रवाहित हुने गर्दथे ।

भौतिकवादी लोकायत (चार्वक) दर्शनले पृथ्वी, जल, तेज (अग्नि) र वायु गरी चार महाभूतलाई समस्त सृष्टिको आधारका रूपमा स्वीकार गर्छ तर इन्द्रियबाट अनुभव गर्न नसकिने आकाशलाई मूर्त तत्त्वहरूबीचको खाली ठाउँ वा 'अभाव' मात्र भनेर खारेज गरिदिन्छ । चेतना र पदार्थको सिद्धान्तअनुसार चार तत्त्वहरूको विशेष मिश्रण वा अनुपातबाट नै शरीर र चेतना (आत्मा) को उत्पत्ति हुन्छ । यसमा आकाशको कुनै प्रत्यक्ष भौतिक वा रासायनिक भूमिका नहुने भएकाले त्यसको छुट्टै अस्तित्व छैन, त्यसैले छुट्टै तत्त्वको मान्यता दिन सकिँदैन ।

भौतिकवादी दर्शनले वेद नमान्ने भएकाले लोकायत परम्परालाई नास्तिक भनिएको छ । आस्तिक मात्र नभएर अवतारलाई स्वीकार गर्ने सर्जक विमल भने भक्तिमार्गी थिए । व्यक्तिगत जीवनमा रामानन्दी सम्प्रदायको 'जातपात माने नहीं कोई, हरि के भजे सो हरि के होई' धार्मिकता सँगसँगै कालीपूजकहरूका कर्मकाण्डप्रति उनी आस्थावान् थिए । सार्वजनिक व्यवहारमा भने 'सर्वधर्म समभाव' सिद्धान्तमा आधारित गान्धीवादका सच्चा अनुयायी भएकाले उनको धर्मनिरपेक्षता कतिपय स्वघोषित आधुनिकतावादीभन्दा गहिरो थियो । सायद उनी बाँचेका भए चार र पाँच तत्त्वको विमर्शमा थप केही तर्क आउन सक्थ्यो । चिन्तक जुनसुकै समाजमा थोरै हुन्छन्, सर्जक पनि धेरै हुँदैनन् । चिन्तक र सर्जकहरूलाई अध्ययन र मनन गर्ने गुरूको अभाव पनि गहिरिँदै गएको कालखण्डमा उनको अवसानले उत्पन्न गराउने खालीपनलाई निस्पट्ट अँध्यारो र टिलपिल उज्यालोले एकसाथ ढाकेको कुनै औंसीको रातमा तारामण्डलले उत्पन्न गराउने आशावादी अवसादसँग तुलना गर्न सकिन्छ, जहाँ बाहिर गहिरो शून्यता छ तर माथि नजर उठाउँदा सुन्दर बिहानीको सम्भावना देखाउने इतिहासका ताराहरू अझै अटल चम्किरहेका देखिन्छन् । हुन त नानीलाई सुताउन आमाले गाउने लोरी मैथिलीमा धेरै छैनन् । अंग्रेजीमा 'राइम' भनिने लयबद्ध र अनुप्रासयुक्त 'बालकविता' अझ कम भएर होला, त्यसका लागि छुट्टै शब्द सायद नेपालीमा पनि छैन । लय र लहरी मिश्रित त्यस प्रकारको स्नेहिल गायनलाई 'लयरी' भन्न सकिन्छ । मिथिला क्षेत्रका बज्यैहरूले 'नेनाभुटका' (बालबच्चा) लाई हात वा घुँडामा बसालेर झुलाउँदै गाउने एउटा लयरी छ- 'घुघुवा मन्ना, उपजे धन्ना/बौआ के छेदा देब, दुनु कान सोन्ना ।' त्यसपछि बीचमा थपिने वाक्यहरु स्थानअनुसार फरक भए पनि अन्तिम पंक्ति भने सबैतिर प्रायः सुरु जस्तै उस्तै हुन्छ- 'पुरान घर खसे/नव घर उठे ।'

विमल सरले सायद त्यस लयरीको पनि दार्शनिक व्याख्या गर्थे होलान् । सुन्दा 'घुघुवा मन्ना' अर्थहीन जस्तो लाग्न सक्छ तर ती दुई शब्दभित्र ऊर्जा फैलिने, हावा चल्ने, पानी बग्ने, माटो बन्ने र शरीर सिर्जित भएर पञ्चतत्त्वमा मिल्ने चक्र समेटिएको छ । आफ्नो अक्षमा घुमिरहने 'घुघुवा' र 'मन्ना' कहिल्यै रोकिँदैनन् । जीवन धान्ने धान पनि पञ्चतत्त्वकै सिर्जना हो । कान छेदाउनु र सुन लगाउनु बाँचुन्जेल समाजका मूल्य र मान्यतासँग जोडिनु हो । र, अन्ततः पुरानो घर खसेर नयाँ घर उठ्नु व्यक्ति र प्रकृतिको स्वाभाविक गति हो । गुरूको भौतिक अवसानले मलिलो माटोमा झन् बढी ज्ञानको 'उबजे धन्ना' (धान फलेझैं ज्ञानको फड्को) भयो भन्ने अर्थमा मात्र उनको जीवन सफल ठहरिन्छ । सायद त्यस अर्थमा विमल सरले उल्लेख्य सफलता प्राप्त गरेका छन् । जनकपुरका सर्जक-पत्रकार श्यामसुन्दर शशिको आकलनमा उनी 'भाषा, साहित्य, कला, संस्कृति, पूर्वीय र पाश्चात्य दर्शन, समाजशास्त्र, लोकसाहित्य, तन्त्र र रहस्यवाद' आदि विषयका जिज्ञासुहरूको तिर्खा मेट्ने गुरूकुलका आचार्य थिए । जति नै छाया दिए पनि ढल्नु विशाल वटवृक्षको पनि नियति हो- तर खसेका बीजबाट बिरुवा उम्रिनु पनि उत्तिकै स्वाभाविक हो ।

मोफसलका प्रतिभाशाली व्यक्तिहरु उत्तम अवसर, व्यापक पहिचान, जनस्वीकृति र विस्तीर्ण सम्मानको खोजीमा गाउँबाट बजार, बजारबाट सहर र सहरबाट महानगरतिर उक्लँदै अन्ततः महानगरीय परिवेशमै रम्न पुग्नु कुनै नौलो कुरा होइन । विमल सर अपवाद रहेका कमसेकम एउटा सम्भाव्य दृष्टान्त सन् २००७ तिरको हुनुपर्छ । नेपाली भाषा र साहित्य प्रवर्द्धनमा दशकौंदेखि दत्तचित्त भएर लागेका कमलमणि दीक्षित (सन् १९२९-२०१६) ले अलि कौतूहलका साथ सोधेका थिए- 'नेपाली साहित्यमा जनकपुरका प्राध्यापक राजेन्द्र विमलको योगदान के कस्तो छ ?' आफ्नो उत्तर अहिलेसम्म सम्झना छ- 'नेपालीका प्राध्यापक हुन्, नेपालीमा पनि लेख्छन् । तर, स्वभाषा मैथिलीमार्फत नेपालीय संस्कृतिको समृद्धिमा उनले पुऱ्याइरहेको योगदान भने अतुलनीय रहेको छ ।' त्यसपछि चिनजानका सबैले आदरपूर्वक दादाजी भनेर सम्बोधन गर्ने कमलमणिले उनको सम्पर्क नम्बर चाहनुको अर्थ के थियो भने यहाँ भँवराले रसको खोजीमा फूलबारीमा पुगेको नभई एउटा तजुर्वा भएको जौहरीले हिराको परख गर्न लागेका रहेछन् । ढाकरभरि दोसल्ला, सम्मान र पुरस्कार पाउन विमल सरलाई आफ्नो देवीचोकस्थित गुरूकुल छाडेर कतै चहार्न जानु पर्दैनथ्यो, दियोजस्तो बलिइरहेको उनको ज्योतिमा घिउ थप्ने चाहना राख्नेहरु उनको ढोकासम्मै पुग्ने गर्थे । अरूले के भन्थे थाहा छैन तर दादाजीले केही वर्षपछि सुसंस्कृत व्यक्तिहरूमा मात्र पाइने स्वाभिमानयुक्त विनम्रताका साथ स्वीकार गरेको पनि सम्झना छ- 'राजेन्द्र विमल जस्तोलाई सम्मान गर्न पाउनु आफैंमा सम्मानित हुनु हो ।'

बिहारका व्यवहारवादी राजनीतिकर्मी नितिश कुमारले एक पटक भनेका थिए- 'चन्द्रमामा काम पाइन्छ भनेर हल्ला फैलियो भने यान चढ्न लाम लाग्नेमा सबभन्दा बढी बिहारी नै हुनेछन् ।' बिहारी मजदुरहरु 'गिरमिटिया' भएर महासागर तरेका कथाहरु पटनाको अत्याधुनिक म्युजियममा प्रदर्शित छन् । अहिले पनि बिहार राज्य प्रतिव्यक्ति उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक एवं विकासका विभिन्न मानकहरूमा भारतीय तथ्यांकको पुछारतिर पर्छ । नेपालमा मधेश प्रदेश सबै सूचकांकमा सबभन्दा तल रहेझैं भारतीय मिथिलाको मानव विकास स्तर बिहारको औसतभन्दा पनि कमजोर छ । स्वाभाविक हो, कामको खोजीमा बाहिरिनेहरूमा बिहारीहरु कश्मीरदेखि केरलसम्म छरिएका छन् भने नेपालीय मैथिलहरूलाई तिनको हैसियतअनुसार क्यालिफोर्नियादेखि कतार र क्वालाल्मपुरसम्म जता पनि भेट्टाउन सकिन्छ । तर त्यस्तो कठोर यथार्थका बाबजुद मैथिलहरूमा जे छ, त्यसैमा सन्तुष्ट हुने प्रवृत्तिलाई समेट्ने एउटा गीत भारतीय र नेपालीय मिथिलामा समान रूपले लोकप्रिय छ- 'अपना किशोरी जी के बेनिया डोलेबै हे हम मिथिले में रहबै, .. सागपात खोटी खोटी, जीवन बितबै हे हम मिथिले में रहबै ।' उत्कृष्ट नेपालीय मैथिलहरूमध्ये किशोरीजीलाई 'बेनिया डोलाउँदै' भए पनि मिथिलामै रहने निरन्तर कम हुँदै गएको समूहमा विमल सर सहजै स्नेह बाँड्ने जरासँग जोडिएका गुरू थिए ।


बौद्धिक साधनाका लागि बाहिरका प्रलोभक अवसरहरूभन्दा आफ्नै माटोको सुवासलाई रोज्ने उनको विद्रोही तर स्वाभिमानी प्रवृत्ति राष्ट्रवादको विभाजक आकर्षणका अगाडि भने पछिल्लो कालखण्डमा टिक्न सकेको देखिँदैन । अनि मैथिलीमा- 'मानल जे झंझा झकोर बडा जोर अछि/आशाकेर दीयरि जरौने चलु मीत हे/पसरल अछि चारू दिस गुजगुज अन्हरिया/ता एक गीत किरणकेर गौने चलु मति हे/' जस्तो क्रियाशील आशावादको अलख जगाउने कवि नेपालीमा भने बहुसांख्यिक वर्चस्ववादलाई प्रवर्द्धन गर्ने र सुन्दा र पढ्दा राजनीतिक नाराबाजीजस्तो लाग्ने बहुराष्ट्रिय राज्यमा निरापद तर अनुसारक पंक्तिहरु लेख्न पुग्छन्- 'न मधेशी, न पहाडी, न हिमाली लेखियोस्/म मरेपछि पहिचान मेरो नेपाली लेखियोस् ।' देशले उनको चाहनालाई सम्मान गरेको छ । तर उनले आफ्नो पुर्खा भनेर चिनारी गराउन चाहेका जनक र बुद्धका सन्ततिले नागरिकताका लागि वर्चस्ववादी समुदायका शासकहरूका अगाडि गिडगिडाउनुपर्ने अवस्था अझै अन्त भइसकेको छैन । राजा पृथ्वीनारायणको यशोगान, भानुभक्तको स्तुति, नेपाली भाषाको साधना, नेपालको आराधना र भातगाउँले टोपीमा गर्व गर्नु प्रशंसनीय कर्म हो । सत्य भने शासक सँगसँगै शासितको पनि हुन्छ ।

यी पंक्तिहरु लेख्दै गर्दा जनकवि दुर्गालाल श्रेष्ठ (सन् १९३५-२०२६) ले देहत्याग गरेको खबर पनि समाचारपाटीहरूतिर देखिन थाल्यो । गुरू विमलजस्ते जनकवि दुर्गालालसँग पनि पंक्तिकारको सम्बन्ध दूरीयुक्त आत्मीयतामा आधारित आराध्य र आराधकजस्तो मात्र थियो । दुवै सर्जक अन्य विधाहरूभन्दा गेय कवितामा अपेक्षाकृत बढी चम्किला देखिन्थे । विमल सर मोफसलका थिए भने दुर्गालाल 'दाइ'- उनी नातिनी पुस्ताका पनि दाइ । - राजधानीमा रहेर पनि मोफसलको वेदना महसुस गर्ने सर्जक थिए । सन् १९९९ तिर नेपालभाषा र मैथिलीलाई पनि कामकाजी भाषा बनाउन खोज्दा सर्वोच्चले निषेध गरेको दिन उनले लेखेको पंक्ति स्वभाषा आन्दोलनकर्मी राजेन्द्र महर्जनले कतै उल्लेख गरेका छन्- 'एक भाषा नीति लिन्छ त राज्य गर्नेले यदि/घाउभित्र दुखे दुखेझैं, देश रून्छ सधैंभरि/' सायद मातृभाषाभन्दा स्वभाषा शब्दको प्रयोगले स्वत्व, अस्मिता र संघर्ष मिश्रित भावलाई बढी सशक्त ढंगले समेट्छ कि ? मातृभाषालाई अपरिपक्व बोली भनेर फगत सहुलियतमा सीमित गर्न वर्चस्ववादीहरूलाई सहज हुने रहेछ । त्यसैले पुनः दुर्गालालकै पंक्तिको- 'हैन एकै जातिको यो देश पेवा हैन है/जाति-भाषा मार्नु हो है रेट्नु घाँटी देशकै !'- मर्म समातेर स्वभाषा अभियानलाई गति दिन सक्यो भने मात्रै उनको विभ्रान्ति- 'मन पर्छ, मलाई पनि मेरो देश मन पर्छ/तर, मैले देखिनँ मेरो देश कहाँ छ !'- बाट मुक्त हुन सकिन्छ ।

शेक्सपियरको प्रसिद्ध उक्ति छ- 'सम्पूर्ण विश्व एउटा रंगमञ्च हो ।' व्यवहारवादीहरु त्यसलाई मान्दैनन् । उनीहरूको दृष्टिमा मानव क्रियाकलाप न त पूर्ण रूपमा पूर्वनिर्धारित (लिखित) हुन्छ, न त पूर्ण रूपमा बन्धनमुक्त वा अनियन्त्रित नै । जीवनको कुनै पटकथा छैन, न त प्रस्तुतिका कुनै निर्देशक नै छन् । प्रत्येक व्यक्ति निरन्तर बदलिरहने परिस्थितिको सामना गर्छ र विगतका अनुभवबाट आर्जित बानी, विश्वास र ज्ञानका आधारमा प्रतिक्रिया दिन्छ । नयाँ अनुभवका माध्यमबाट ती बानी र विश्वासहरु आफैं परिमार्जित वा परिवर्तन हुँदै जान्छन् ।

पटकथा र निर्देशक निश्चित भए पनि जिन्दगीजस्तै नाटक पनि प्रस्तोता र दर्शकबीचको सम्बन्धका आधारमा पुनर्परिभाषित भइरहेको हुन्छ । कलाकारहरु मूर्ति होइनन्, त्यसैले तिनको भावाभिव्यक्ति सधैं उस्तै रहँदैन । दर्शक आ-आफ्ना अनुभव र पूर्वाग्रह लिएर दीर्घामा आएका हुन्छन् र तिनको अर्थ्याउने शक्ति पनि फरक-फरक हुन्छ । सायद त्यसैले संस्कृत परम्परामा नाटकलाई 'प्रस्तुति' नभनेर 'प्रयोग' भनिएको होला । जीवन र जगत्का विभिन्न आयामलाई कम क्षतिमा गहिरिएर बुझ्ने माध्यम आखिर प्रयोग नै हो । कविताले सत्यको बीज देखाउँछ, कथा रूख हो, गीतमा फूल फुल्छ, निबन्धमा फल लाग्छ तर वृक्ष उभिएको परिस्थितिविशेषलाई नाटकमा जसरी साहित्यको अरु कुनै विधाले समात्न सक्दैन । अरस्तुले वियोगान्त नाटकलाई साहित्यका सबै विधाहरूको शिखर त्यतिकै मानेका होइन रहेछन् । उनका अनुसार नाटकमा कविताको लय, कथाको कथानक र जीवन्त अभिनयको ऊर्जा एकसाथ संयोजन हुने हुनाले मञ्चित नाटकले मानवीय भावनालाई सबैभन्दा प्रभावकारी रूपमा विरेचन (क्याथार्सिस) गराउन सक्छ । विमल सरको महाप्रस्थानपछि जनकपुर गुरूकुलमा आचार्यको कमी हुने नै भयो । तथ्यको खेती गर्नेहरु धेरै भए पनि सत्यका साधकहरूको अभाव जुनसुकै कालखण्डमा र संसारको जुनसुकै कुनामा महसुस हुने रहेछ । झँ-पल सार्त्र (सन् १९०६-१९८०) सत्यका असंगत आयामहरूलाई पहिल्याउन 'प्रयोग गर्नेहरु मा अग्रपंक्तिमा पर्छन् । अध्येताहरूमाझ एउटा ठट्टा छ- बुझ्ने गरी लेखेको हो भने त्यो दार्शनिक फ्रान्सेली होइनन् । अस्तित्ववादका प्रमुख प्रवर्तक सार्त्रका अनुसार मानिस पहिले जन्मिन्छ र आफ्नो कर्म तथा रोजाइबाट आफ्नो अस्तित्व र पहिचान आफैं निर्माण गर्छ । जीवनभर सीमान्तकृत मानिसको पक्षमा लेख्दै-बोल्दै सामाजिक तथा राजनीतिक उत्पीडनविरूद्ध बौद्धिक संघर्ष गरेका सार्त्र पनि फ्रान्सेली दार्शनिकहरूमा प्रायः देखिने जटिलप्रतिको अनुरागबाट मुक्त भने छैनन् । नाटक भने लेखकभन्दा पनि निर्देशकको 'प्रयोग' हुन्छ ।

राजधानीमा सार्त्रको 'द रिस्पेक्टेबल प्रोस्टिच्युट' नेपाली भाषामा 'मिस मेनुका 'एक संवेदनशील यौनकर्मी' भएर क्रमशः कल्पना घिमिरे नुरिस्सौंको भाषिक र भाष्कर गौतमको सांस्कृतिक रूपान्तरणअनुसार पवित्रा खड्काको निर्देशनमा मञ्चन भइरहेछ । सत्य र शक्तिबीचको संघर्ष, व्यवस्थाको दोहोरो चरित्र, कमजोरले भोग्ने सामाजिक र मानसिक दबाब र अन्ततः सत्य नभएर वर्चस्वको जितलाई जीवन्त तुल्याउने नाटकले मन-मस्तिष्क खलबल्याइरहेको थियो नै, नेपालीय समाजका दुई दिग्गजहरूको अवसानले बेचैनीलाई अझ तीव्र बनाइदिएको छ । नाटकमा सत्ताको सत्यलाई विवेकजंग शर्मा भएर घिमिरे युवराजले प्रत्यक्ष तवरले र जगन्नाथ शर्मा बनेर प्रभाकरदेव शर्माले कुटिलताका साथ सशक्त ढंगले प्रस्तुत गर्छन् । अरविन्द पासवान भएर रूपेश मण्डलले अधीनस्थको निरीह र पराजित सत्य उजागर गर्छन् । मेनुकाको छटपटीमा देखिने नैतिकवान्, व्यग्र र तप्त सत्यलाई सरिता गिरीले सम्पूर्ण गहिराइ र जटिलतामा समेटेकी छन् । पीडामा भोगिएका सत्यहरु पनि अन्ततः सुन्दरतामा कालजयी बन्ने रहेछन् । दुर्गालाल दाइ काँडाले दिएका घाउहरूलाई उपेक्षा गर्दै सुसेल्छन्- 'फूलको आँखामा फूलै संसार !' विमल सर खसेको हाँगा बिर्साउने गरी पालुवा पलाएको गीत गाउन सुझाउँछन्- 'ठाढि खसलै कत& कोना पुछू ने मीत/जे कोपर उगल तकर उत्सव करी ।' सत्यका साधकहरूको महाप्रस्थान शोक मात्र नभएर भावाञ्जलीका साथ तिनको जीवनको उत्सव मनाउने अवसर पनि हो । *- कान्तिपुर*





# एकीकृत दूरसञ्चार नीतिको मस्यौदा : मोबाइल सेवामा नयाँ प्रतिस्पर्धी भित्र्याउन प्रस्ताव

काठमाडौं । नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्रको व्यवस्थालाई खुकुलो बनाउँदै मोबाइल सेवामा नयाँ प्रतिस्पर्धी भित्र्याउने प्रस्ताव गरेको छ । प्राधिकरणले गुणस्तर र प्रधिस्पर्धा बढाउने गरी नयाँ सेवाप्रदायकका लागि स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने नीतिको प्रस्ताव गरेको हो ।

प्राधिकरणले एकीकृत दूरसञ्चार नीति, २०८३ को मस्यौदा सार्वजनिक गर्दै यस क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नुपर्ने तथा त्यसका लागि नीतिगत तथा कानुनी सुधार गर्नुपर्ने आवश्यकता औँल्याएको हो । प्राधिकरणले नेपालमा नवीनतम दूरसञ्चार प्रविधि एवं सेवाको विकास गर्दै मोबाइल तथा इन्टरनेट सेवाको पहुँच, गुणस्तर तथा प्रयोगलाई वृद्धि गर्ने गरी यस क्षेत्रमा लगानी आकर्षित गर्न प्रस्ताव गरेको हो ।

हाल दुईवटा प्रमुख सेवाप्रदायकहरूले भ्वाइसमा आधारित दूरसञ्चार सेवा प्रदान गर्दै आएका छन् । त्यस्तै, १०२ इन्टरनेट सेवाप्रदायक र २६ वटा नेटवर्क सेवाप्रदायकले सेवा प्रदान गरिरहेका छन् । ग्राहकका आधारमा भ्वाइस र ब्रोडब्यान्ड सेवाको घनत्व शतप्रतिशतभन्दा बढी, फिक्स्ड ब्रोडब्यान्डको पहुँच ५३ र मोबाइल ब्रोडब्यान्डको पहुँच ९५ प्रतिशतभन्दा बढी रहेको छ । यद्यपि, उपलब्ध दूरसञ्चार सेवाहरूको गुणस्तरमा सुधार गर्न, ग्रामीण तथा उच्च पहाडी क्षेत्रहरूमा पहुँच विस्तार गर्न तथा भरपर्दो सेवाको प्रत्याभूति गर्न अझ काम गर्नुपर्ने आवश्यकता रहेको प्राधिकरणले औँल्याएको छ । यसका लागि नयाँ लगानी आकर्षित गर्ने नीति लिन प्राधिकरणले प्रस्ताव गरेको हो ।

मोबाइल सेवामा प्रतिस्पर्धाको अभाव तथा अपेक्षाकृत रूपमा गुणस्तरमा कमी हुनु अहिलेको समस्या तथा चुनौती भएको प्राधिकरणले औँल्याएको छ । विकट स्थान तथा राजमार्गहरूमा भ्वाइस र मोबाइल ब्रोडब्यान्ड सेवाको पहुँच भरपर्दो रूपमा  नहुनु, सेवाप्रदायकको आम्दानी अपेक्षाकृत रूपमा वृद्धि नहुनु, आमनागरिकको आम्दानीको तुलनामा अधिक दूरसञ्चार सेवाशुल्क, उपभोक्ताले प्रयोग गर्ने उपकरणको उच्च मूल्य तथा न्यून डिजिटल साक्षरताको कारणले डिजिटल समावेशिता पर्याप्त नहुनु पनि अहिलेको मुख्य समस्या तथा चुनौती रहेको प्राधिकरणले औँल्याएको छ ।

प्राधिरकणले अहिलेको विद्यमान व्यवस्थाअनुसार नै न्यूनतम २० प्रतिशत स्वदेशी सहभागिता हुनुपर्ने गरी दूरसञ्चार क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने नीतिको प्रस्ताव गरेको छ । नयाँ लगानी आकर्षित गर्न स्थिर र पूर्वानुमानयोग्य नियामकीय वातावरणसहित समान अनुमतिपत्रप्राप्त सेवाप्रदायकलाई समान अवसर सुनिश्चित गर्ने तथा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न सरलीकृत कानुनी व्यवस्था गर्ने नीतिको मस्यौदामा उल्लेख छ ।

दूरसञ्चार सेवा एवं पूर्वाधारको अनुमतिपत्रलाई सरल, पारदर्शी एवं सेवाशुल्कलाई पाँच वर्षमा प्रतिव्यक्ति कुल राष्ट्रिय आम्दानीको २ प्रतिशतभित्र र दश वर्षमा १.५ प्रतिशतभित्र पार्ने लक्ष्य राखिएको छ । त्यस्तै, कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रत्यक्ष योगदान पाँच वर्षमा ४ प्रतिशत र र दश वर्षमा ७ प्रतिशत पुऱ्याउने, डिजिटल सिप विकासलाई प्रोत्साहन गरी डिजिटल साक्षरता पाँच वर्षमा ६० प्रतिशत र दश वर्षमा ८५ प्रतिशत पुऱ्याउनेसमेत लक्ष्य राखिएको छ ।

'व्यवस्थित, पारदर्शी एवं प्रतिस्पर्धी




व्यवस्थित बनाउनेसमेत नीतिको मस्यौदामा उल्लेख छ । त्यस्तै, रेडियो फ्रिक्वेन्सीको समुचित बाँडफाँट तथा उच्चतम उपयोग गर्ने, पूर्वाधार सहप्रयोग प्रवर्द्धन गर्दै सहकार्य र स्वस्थ प्रतिस्पर्धाको वातावरण तयार गर्ने, सशक्त नियामक निकाय एवं सक्षम मानव संसाधन विकास गर्नेसमेत नीतिको मस्यौदामा उल्लेख छ ।

प्रस्तातिव नीतिले दूरसञ्चार प्रविधिको उपयोग गरी नेपालको डिजिटल रूपान्तरणलाई तीव्र बनाउँदै, दैनिक जीवनलाई सहज बनाउने, समावेशी आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने र सबै नागरिकहरूमा डिजिटल अवसरहरूको समान पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ । त्यस्तै, दूरसञ्चार सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाई देशको आर्थिक तथा सामाजिक विकास गर्नु नीतिको ध्येय हुने मस्यौदामा उल्लेख छ ।

नीतिको मस्यौदामा न्यूनतम पाँच एमबिपिएस गतिको ब्रोडब्यान्डसहितको दूरसञ्चार सेवाको पहुँच आगामी पाँच वर्षभित्र ८० प्रतिशत र दश वर्षमा ९८ प्रतिशत जनसंख्यामा पुऱ्याउने लक्ष्य राखिएको छ । त्यस्तै, प्रारम्भिक ब्रोडब्यान्ड दूरसञ्चार बजारलाई प्रवर्द्धन गर्दै नवप्रवर्तन र लगानीलाई प्रोत्साहन गरी आमनागरिकका लागि सुरक्षित, भरपर्दो, सर्वसुलभ र गुणस्तरीय दूरसञ्चार सेवामा पहुँच सुनिश्चित गर्नु' नीतिको उद्देश्य राखिएको छ । प्राधिकरणले मस्यौदामा दूरसञ्चारको एकीकृत नीतिका लागि मुख्य ६ बुँदा प्रस्ताव गरेको छ । प्रस्तावित नीतिमा नवीनतम दूरसञ्चार सेवाको देशव्यापी उपलब्धता तथा सेवामा सबै नागरिकहरूको पहुँच सुनिश्चित गरिने, दूरसञ्चार प्रणालीलाई गुणस्तरीय, भरपर्दो, सुरक्षित एवं उत्थानशिल बनाइने तथा दूरसञ्चार सेवा तथा पूर्वाधारको अनुमतिपत्र एवं रेडियो फ्रिक्वेन्सी वितरणको प्रक्रियालाई थप सहज बनाइने उल्लेख छ । त्यस्तै, निजी क्षेत्र एवं विदेशी लगानीकर्ताको सहकार्यमा दूरसञ्चार क्षेत्रलाई प्रतिस्पर्धी एवं दिगो बनाइने, दूरसञ्चारसँग सम्बन्धित कानुन परिमार्जन, संस्थाहरूको सुदृढीकरण तथा जनशक्तिको दक्षता अभिवृद्धि गरिने तथा दूरसञ्चार प्रविधिको प्रयोगमार्फत डिजिटल रूपान्तरण गर्दै सिप एवं ज्ञानमा आधारित समाज निर्माण गरिने नीतिसमेत प्रस्ताव गरिएको छ ।

# घट्यो बिमा कम्पनीको नाफा

काठमाडौं । गत आर्थिक वर्ष ०८२/८३ मा जीवन तथा निर्जीवन बिमा कम्पनीहरूको खुद नाफा घटेको छ । अहिले नेपालमा १४-१४ जीवन तथा निर्जीवन बिमा छन् । त्यसमा दुवै क्षेत्रका कम्पनीहरूको औसत खुद नाफामा गिरावट आएको हो । जेन-जी आन्दोलनपछि बढेको दाबी तथा घट्दो बैंक ब्याजदरले बिमा कम्पनीको नाफा प्रभावित भएको देखिन्छ । बिमा कम्पनीहरूले सार्वजनिक गरेको गत आवको अपरिष्कृत वित्तीय विवरणले यस्तो देखाएको हो ।

समीक्षा वर्षमा जीवन बिमा कम्पनीहरूको नाफा औसतमा १०.५२ प्रतिशतले घटेको छ । अघिल्लो आव ०८१/८२ मा १४ बिमा कम्पनीको कुल खुद नाफा ६ अर्ब आठ करोड ६० लाख ६० हजार रूपैयाँ थियो । गत आवमा भने पाँच अर्ब ४४ करोड ५२ लाख १७ हजार रूपैयाँ नाफा कमाएका छन् । त्यसमा सरकारी स्वामित्वको राष्ट्रिय जीवन बिमा कम्पनी दुई करोड ३८ लाख रूपैयाँले घाटामा छ ।

बिमा कम्पनीहरूको मुख्य आम्दानीको स्रोतको बैंकहरूबाट प्राप्ति हुने ब्याज हो । बिमा कम्पनीहरूले आफूसँग भएको लगानीयोग्य रकममा अधिकांश मुद्दती निक्षेपमा राख्छन् । पछिल्लो समय कर्जाको माग नभएपछि बैंकहरूले निक्षेपको ब्याजदरसमेत घटाउँदै आएका छन् । त्यसले गर्दा बिमा कम्पनीहरूको आम्दानीसमेत प्रभावित भएको बताइन्छ । लेखा परीक्षणका क्रममा कम्पनीको नाफा रकम थपघट हुन सक्नेछ ।

समीक्षा वर्षमा आइएमई लाइफले सबैभन्दा धेरै ५८ करोड ४२ लाख रूपैयाँ नाफा कमाएको छ । दोस्रो स्थानमा भने रिलायबल नेपाल लाइफ छ । उक्त कम्पनीले ५८ करोड २६ लाख रूपैयाँ नाफा कमाएको तथ्यांकमा उल्लेख छ । तेस्रो स्थानमा भने नेपाल लाइफ इन्स्योरेन्स देखिएको छ । उक्त कम्पनीले ४६ करोड ५४ लाख ५० हजार रूपैयाँ नाफा कमाएको छ ।

यस्तै, सन नेपाल लाइफले ४१ करोड ८५ लाख, एसियन लाइफले ४१ करोड ४२ लाख, एलआइसी नेपालले ४० करोड ५७ लाख, सिटिजन लाइफले ३९ करोड आठ लाख र सानिमा लाइफले ३८ करोड ३८ लाख रूपैयाँ खुद नाफा कमाएका छन् । यस्तै, सूर्यज्योति लाइफले ३८ करोड दुई लाख, मेट लाइफले ३७ करोड ९२ लाख, प्रभु महालक्ष्मी लाइफले ३७ करोड ५५ लाख, नेसनल लाइफले ३७ करोड ६ लाख र हिमालयन लाइफले ३१ करोड ७७ लाख रूपैयाँ खुद नाफा कमाएको छ । तर, सरकारी स्वामित्वको राष्ट्रिय बिमा कम्पनी भने दुई करोड ३८ लाख रूपैयाँले घाटामा छ । समीक्षा वर्षमा १४ निर्जीवन बिमा कम्पनीको नाफा ३८.४९ प्रतिशतले घटेको छ । अघिल्लो आवमा उनीहरूको खुद नाफा चार अर्ब ४३ करोड ६८ लाख रूपैयाँ थियो । गत आवमा भने दुई अर्ब ७२ करोड ९० लाख रूपैयाँ खुद नाफा भएको छ ।

बैंकको ब्याजदर घट्दा पनि निर्जीवन बिमा कम्पनीको आम्दानी प्रभावित भएको छ । तर, समीक्षा वर्षमा ुख्यतः जेन-जी आन्दोलनका कारण उच्च मात्रामा बिमा दाबी आउँदा उनीहरूको नाफा प्रभावित भएको छ । त्यसमा नेसनल इन्स्योरेन्स १३ करोड १० लाख रूपैयाँले घाटामा छ । अधिकांश कम्पनीको नाफा घटेको छ ।

गत भदौ २३ र २४ मा भएको जेन-जी आन्दोलनमा क्षतिग्रस्त भएका घर, गाडीलगायत बापत झन्डै २४ र्ब रूपैयाँबराबरको बिमा दाबी परेको छ । यो नियमित नभएर आकस्मिक रूपमा आएको बिमा दाबी हो ।

खेलकुद

## मोन्टी देसाईले छाडे क्यानडाको मुख्य प्रशिक्षक

क्यानडा क्रिकेट टोलीका मुख्य प्रशिक्षक मोन्टी देशाई पदबाट बाहिरिएका छन् । देशाई नेपाली क्रिकेट टोलीका पनि पूर्वप्रशिक्षक हुन् । क्यानडाले मे महिनामा दोस्रोपटक देशाईलाई मुख्य प्रशिक्षक नियुक्त गरेको थियो । उनले आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत घरेलु मैदान र स्कटल्यान्डमा भएका दुई त्रिकोणात्मक सिरिजमा टोलीको जिम्मेवारी सम्हालेका थिए ।

लिग-२ मा चार खेल बाँकी रहँदा क्यानडा शीर्ष चारभन्दा ६ अंकले पछाडि छ । त्यसैले सन् २०२७ एकदिवसीय विश्वकपको यात्रामा टोली विश्वकप क्वालिफायर प्ले-अफ खेल्ने अवस्थामा पुगेको छ । देशाईले सामाजिक सञ्जालमार्फत आफ्नो बिदाइको पुष्टि गर्दै यो छोटो तर अर्थपूर्ण अध्याय रहेको बताएका छन् ।

'छोटो अध्याय थियो, तर निकै अर्थपूर्ण। दिगो सफलता समय, विश्वास, तयारी, बलियो सम्बन्ध र सामूहिक जिम्मेवारीबाट निर्माण हुन्छ भन्ने मेरो विश्वास अझ बलियो भएको छ। खेलाडी, सहयोगी स्टाफ र यो यात्रामा साथ दिने सबैलाई धन्यवाद' देशाईले लेखेका छन् ।

देशाईसँग दुई दशकभन्दा बढीको अन्तर्राष्ट्रिय प्रशिक्षण अनुभव छ । उनले यूएई, अफगानिस्तान, नेपाल र क्यानडाको राष्ट्रिय टोली सम्हालिसकेका छन् ।

नेपालमा उनको कार्यकाल विशेष सफल मानिन्छ। देशाईकै प्रशिक्षणमा नेपालले क्रिकेट विश्वकप लिग-२ मा ऐतिहासिक पुनरागमन गर्दै एकदिवसीय विश्वकप छनोटमा स्थान बनाएको थियो ।

उनले २०२४ टी-२० विश्वकपमा पनि नेपालको मुख्य प्रशिक्षकका रूपमा टोलीको नेतृत्व गरेका थिए । यसैबीच क्रिकेट क्यानडाले ५ दिनअघि १५ अगस्टमा नै प्रशिक्षक पदका लागि आवेदन खुलाएको देखिएको छ ।

## रोनाल्डोले सिजनको अन्त्यमा सन्न्यास लिने

पोर्चुगिज कप्तान क्रिस्टियानो रोनाल्डोले यो सिजनको अन्तिमसम्म फुटबल करिअरबाट सन्न्यास लिने बताएका छन् ।४१ वर्षीय रोनाल्डोले भोग म्यागजिनसँगको अन्तर्वार्ताको क्रममा नयाँ वर्षमा परिवारसँगै दिन बिताउने जनाएका हुन् । गत मंगलबार आफ्नी प्रेमिका जोर्जिना रोड्रिगेजसँग विवाह गरेका रोनाल्डोले आफ्नो भविष्य परिवारमा केन्द्रित गर्ने योजना बनाएको भोगले जनाएको छ । 'सम्भवतः फुटबलमा मेरो अन्तिम वर्ष हो, यो विश्वमा एउटा सानदार विरासत छोडेर जान चाहन्छु,' रोनाल्डोले भने, 'गत मंगलबारदेखि मैले मेरो भविष्यको योजना बनाइसकेको छु । अब मैदानमा नभएर परिवारका साथ व्यस्त हुन चाहन्छु ।'

रोनाल्डो र उनकी पार्टनर जर्जिनाबिचको सम्बन्ध १० वर्ष पुगिसकेको छ । उनीहरूको विवाह भव्य समारोहमा नभई घरकै बैठक कोठामा पारिवारिक वातावरणमा भएको थियो । पाँचपटकका बालोन डी अर र पाँचैपटकका युरोपियन च्याम्पियन्स लिग विजेता रोनाल्डो अहिले साउदी अरेबियाको प्रो लिगमा आबद्ध छन् । तीन वर्षदेखि अल नासरमा आबद्ध रहेका रोनाल्डो वर्तमान समयकै महँगा खेलाडीमा पर्छन् । साउदी अरेबियाले उनलाई सन् २०३६ को विश्वकपसम्म राख्न चाहन्छ । रोनाल्डोको मध्यमबाट विश्वकपको प्रचार-प्रसार कार्य सहज हुने साउदीको छ ।

यसैकारण उसले रोनाल्डोलाई सद्भाव दूत बनाइएको छ । रोनाल्डोले आफ्नो दुई दशक फुटबल यात्रामा इंग्ल्याण्ड, स्पेन, इटाली र साउदी अरबमा लिग खेले । उनी जहाँ-जहाँ आबद्ध भए क्लबले उपाधि हात पारेका छन् । करिअरमा सबैभन्दा बढी लामो समय उनी स्पेनिस क्लब रियल म्याड्रिडमा आबद्ध भए । जहाँ उनले स्पेनिस ला लिगा र च्याम्पियन्स लिग हात पारेका थिए । उनी अन्तर्राष्ट्रिय फुटबलको इतिहासमा सबैभन्दा धेरै गोल गर्ने खेलाडी हुन् । रोनाल्डो र अल नासरबिचको सम्झौता एक वर्ष बाँकी छ । सम्झौताअनुसार उनी एक वर्ष अल नासरमा रहनेछन् । भोग म्यागेजिनका अनुसार रोनाल्डो आफ्नो सम्झौता नवीकरण गर्न चाहँदैनन् । यो अवधिमा उनी अन्तर्राष्ट्रिय फुटबलमा एक हजार गोल गर्ने योजनामा छन् । उनी अब मात्र २४ गोल टाढा छन् । अहिलेसम्म आधिकारिक रूपमा फ्टुबल इतिहासमा एक हजार गोल कसैले गरेका छैनन् । यद्यपि, ब्राजिलका पेले र रोमारियोले आ-आफ्नो समयमा एक हजारभन्दा बढी गोल गरेको दाबी गरेका थिए ।

तर, पेले र रोमारियाले खेलेका कतिपय खेल आधिकारिक रूपमा रहेनन् । फुटबलमा तथ्यांक संकलन गर्न थालेपछि रोनाल्डो नै सर्वाधिक गोल गर्ने खेलाडीको सूचीको शीर्ष स्थानमा छन् । गत महिना अमेरिका, क्यानडा र मेक्सिकोले आयोजना गरेका २३औँ विश्वकप फुटबल प्रतियोगिताको राउन्डअफ ३२ बाट पोर्चुगल बाहिरिएपछि रोनाल्डोले हतारमा कुनै निर्णय नगर्ने बताएका थिए । त्यसवेला अन्तर्राष्ट्रिय मिडियाका पत्रकारहरूले उनी समक्ष प्रश्न राखेका थिए, 'विश्वकपपछि सन्न्यास हो ।' त्यो वेलामा उनले परिवारसँग बसेर निर्णय हुने बताए ।

गत शनिबार अल नासरले अल फत्तेहविरूद्धको खेलसँगै नयाँ सिजनको सुरूवात गर्दा रोनाल्डो मैदानमा भने उत्रिएनन् । उनले दर्शकदीर्घामा परिवारसँगै बसेर आफ्नो टोलीको जितको खुसी मनाए ।

सन् २००३ मा रोनाल्डोले पोर्चुगलको राष्ट्रिय टोलीमा स्थान बनाएका थिए । उनी टोलीमा आबद्ध हुँदा कप्तान लुइस फिगो थिए । डेब्यु गरेको अर्को वर्ष नै उनले युरोकप फाइनल खेले । तर, ग्रिससँग घरेलु मैदानमा पोर्चुगल १-० ले पराजित भयो । लगातार २३ वर्ष राष्ट्रिय टोलीमा आबद्ध भएका रोनाल्डोले यसक्रममा पोर्चुगललाई दुईपटक नेसन्स कप तथा एकपटक युरोकप दिलाउन सफल भए । विश्वकप फुटबलमा लगातार ६ संस्करणमा गोल गर्ने उनी एक मात्र खेलाडी हुन् ।

उनले २३३ पटक राष्ट्रिय टोलीबाट खेल्दा कीर्तिमानी रूपमा १४६ गोल गरेका छन् । क्लबस्तरीय प्रतिस्पर्धामा उनले २००९ देखि २०१८ सम्म रियल म्याड्रिडमा बिताउँदा ३११ खेलमा २९२ गोल गरेका थिए । म्यानचेस्टर युनाइटेडमा पहिलो सिजन बिताउँदा उनले १९६ खेलमा ८४ गोल गरेका थिए । दोस्रोपटक युनाइटेडमा आबद्ध हुँदा उनले ४० खेलमा १९ गोल गर्न सफल भए । यसैगरी, युभेन्ट्समा ९८ खेलमा उनले ८१ गोल गरेका थिए ।

## कर्पोरेट

### ● प्रभु बैंकले ल्यायो घर तथा सवारीसाधन कर्जा योजना

प्रभु बैंक लिमिटेडले घर कर्जा तथा सवारीसाधन कर्जा योजना सार्वजनिक गरेको छ । बैंकले आफ्ना ग्राहकको वित्तीय आवश्यकतालाई सहज, सरल र किफायती रूपमा पूरा गर्ने उद्देश्यले यो योजना ल्याएको जनाएको छ । योजनाअन्तर्गत घरकर्जातर्फ अधिकतम तीन करोड रूपैयाँसम्म कर्जा उपलब्ध हुनेछ । कर्जाको अवधि अधिकतम २५ वर्षसम्म रहने बैंकले जनाएको छ ।

औसत आधारदरमा ०.५० प्रतिशत प्रिमियम प्रतिवर्ष कायम गरिएको छ ।उक्त घरकर्जा घर तथा अपार्टमेन्ट खरिद, घर निर्माण तथा मर्मत–सम्भारका साथै घर निर्माणका लागि जग्गा खरिद गर्न चाहने ग्राहकले समेत लिन सक्नेछन् । बैंकले यस योजनामार्फत ग्राहकको आवाससम्बन्धी वित्तीय आवश्यकता सहज र सरल रूपमा पूरा गर्ने लक्ष्य लिएको जनाएको छ ।

त्यसैगरी, सवारीसाधन कर्जाअन्तर्गत व्यक्तिगत प्रयोजनका लागि सवारीसाधन खरिद गर्न अधिकतम सात वर्षसम्मको कर्जा सुविधा उपलब्ध गराइने बैंकले जनाएको छ । यस योजनामा पनि सेवा शुल्क ०.५० प्रतिशत तथा ब्याजदर औसत आधारदरमा थप ०.५० प्रतिशत प्रतिवर्ष कायम गरिएको बैंकले जनाएको छ ।बैंकका अनुसार कर्जाका लागि आवश्यक सम्पूर्ण कागजात पेस गरेको दुई कार्यदिनभित्रै डेलिभरी अर्डर उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

### ● निर्माण क्षेत्रमा लगानी बढाउँदै नबिल बैंक

नबिल बैंक लिमिटेडले सिमेन्ट र स्टिल उद्योगलाई प्राथमिकतामा राख्दै अर्बौं रूपैयाँ लगानी गरेको छ । यो लगानीले देशको निर्माण क्षेत्रलाई आवश्यक वित्तीय आधार उपलब्ध गराउँदै औद्योगिकीकरण र पूर्वाधार विकासलाई गति दिएको बैंकले जनाएको छ ।

बैंकका अनुसार यही वैशाखसम्म १० प्रमुख सिमेन्ट उद्योगमा करिब आठ अर्ब ८१ करोड रूपैयाँ कर्जा भएको छ । त्यस्तै, जेठसम्म विभिन्न स्टिल उद्योगमा कुल कर्जा लगानी करिब १५ अर्ब ७१ करोड रूपैयाँ पुगेको छ । यो बैंकको कुल कर्जा पोर्टफोलियोको ३.२९ प्रतिशत हो । स्टिल उद्योगको कुल लगानीमध्ये फलाम तथा इस्पात उद्योगमा करिब १४ अर्ब ३१ करोड र अन्य धातु उद्योग तथा वर्कसपमा गरेको एक अर्ब ४० करोड रूपैयाँ कर्जा प्रवाह गरिएको बैंकको भनाइ छ ।

बैंकका अनुसार सिमेन्ट उद्योगमा पनि कर्जा प्रवाहलाई प्राथमिकतामा राखिएको छ । अर्घाखाँची सिमेन्ट, मारूती सिमेन्ट, घोराही सिमेन्ट, कोसमस सिमेन्ट, पाल्पा सिमेन्ट, सर्वोत्तम सिमेन्ट, शिवम् सिमेन्ट्स, शुभश्री जगदम्बा सिमेन्ट मिल्स र रोल्पा सिमेन्टजस्ता उद्योगमा बैंकको कर्जा प्रवाह छ । यी उद्योगले दैनिक हजारौं टन क्लिंकर र सिमेन्ट उत्पादन गर्ने क्षमता विकास गरिसकेका छन् । यस्ता उद्योगहरूको क्षमता विस्तारमा बैंकबाट प्राप्त दीर्घकालीन कर्जाले महत्वपूर्ण भूमिका खेलेको बताइएको छ । स्टिल उद्योगमा पनि नबिल बैंकको उपस्थिति उल्लेखनीय देखिएको छ । बैंकले नारायणी इस्पात, सर्वोत्तम स्टिल्स, गोयनका स्टिल्स, लक्ष्मी स्टिल्स, सिद्धिविनायक स्टिल्स, जय अम्बे स्टिल्स तथा पञ्चकन्या स्टिलजस्ता प्रमुख उद्योगहरूलाई वित्तीय सहयोग उपलब्ध गराएको छ ।

नेपालमा जलविद्युत् आयोजना, सडक, पुल, अग्ला भवन तथा अन्य ठुला पूर्वाधार निर्माणमा प्रयोग हुने डन्डी, स्ट्रक्चरल स्टिल तथा अन्य इस्पातजन्य सामग्रीको उत्पादनमा यी उद्योगहरूको महत्वपूर्ण योगदान छ । उद्योगहरूले उत्पादन क्षमता विस्तार गर्न, आधुनिक प्रविधि जडान गर्न, कच्चा पदार्थ खरिद गर्न तथा सञ्चालन पुँजी व्यवस्थापन गर्न बैंकिङ क्षेत्रबाट प्राप्त कर्जाले महत्वपूर्ण आधार प्रदान गरेको छ ।

'निर्माण क्षेत्रको विस्तारसँगै सिमेन्ट र स्टिल उद्योगको माग बढ्दै गएको छ । सरकारले ऊर्जा, यातायात, सहरी पूर्वाधार तथा औद्योगिक विकासलाई प्राथमिकतामा राख्दै ठुला परियोजना अघि बढाइरहेका बेला निजी क्षेत्रबाट पनि आवासीय तथा व्यावसायिक भवन निर्माणमा लगानी विस्तार भइरहेको छ,' बैंकले भनेको छ, 'यस्तो अवस्थामा निर्माण सामग्रीको नियमित आपूर्ति सुनिश्चित गर्न उद्योगहरूको उत्पादन क्षमता बढाउनुपर्ने आवश्यकता हुन्छ । उद्योगहरूले आफ्नै आन्तरिक स्रोतबाट मात्र यस्तो ठुलो लगानी जुटाउन नसक्ने भएकाले बैंकहरूको दीर्घकालीन वित्तीय सहयोग अपरिहार्य बन्छ । यही आवश्यकता पूरा गर्दै उत्पादनमूलक क्षेत्रमा पुँजी प्रवाह बढाउन टेवा पुर्‍याएको छ ।'

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार झवालीले स्टिल, सिमेटजस्ता उद्योगमा बैंकको लगानीले नेपालको आर्थिक विकासमा अहम् भूमिका खेल्ने क्षेत्रहरूलाई सहयोग गर्ने संस्थाको प्रतिबद्धतालाई झल्काउने बताए । 'स्टिल र सिमेन्ट एक आधारभूत उद्योग हुन्, जसले पूर्वाधार विकास, औद्योगिकीकरण र रोजगारी सिर्जनामा टेवा पुर्‍याउँछ,' उनले भने, 'यस लगानीमार्फत हामी अर्थतन्त्र, हाम्रा सरोकारवाला र हामीले सेवा प्रदान गर्ने समुदायका लागि दिगो विकासमा योगदान पुर्‍याउने लक्ष्य राख्छौं ।' सिमेन्ट र स्टिल उद्योगमा गरिएको लगानीको प्रभाव उद्योगमा मात्र सीमित नरही उद्योग विस्तारसँगै खानी सञ्चालन, ढुवानी, ऊर्जा, उपकरण आपूर्ति, निर्माण व्यवसाय तथा अन्य सहायक उद्योगहरु पनि चलायमान हुने बैंकको भनाइ छ । यसले हजारौं प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्नुका साथै सरकारको राजस्व वृद्धि, स्थानीय आर्थिक गतिविधि विस्तार तथा निजी क्षेत्रको लगानी वातावरणलाई पनि सकारात्मक प्रभाव पार्ने बैंकले स्पष्ट पारेको छ ।

### ● एलजीको एआई डिडी वासर एन्ड ड्रायर बजारमा

इलेक्ट्रोनिक्स ब्रान्ड एलजीले एआई डिडी २.० वासर एन्ड ड्रायर बजारमा ल्याएको छ । मनसुनमा घाम नलाग्दा कपडा सुक्न समय लाग्ने, ओसिलोपन तथा गन्ध रहने र सुकाउन पर्याप्त ठाउँ नहुने समस्यालाई ध्यानमा राख्दै यो उपकरण बजारमा ल्याइएको कम्पनीले जनाएको छ ।

यो वासर एन्ड ड्रायरले विशेषगरी मनसुनको समयमा दैनिक लन्ड्रीलाई सहज बनाउने कम्पनीको दाबी छ । एलजी एआई डिडी २.० वासर एन्ड ड्रायर २०/१० केजी, १५/८ केजी, ११/७ केजी र ८/६ केजी क्षमतामा उपलब्ध रहेको जनाइएको छ ।

कम्पनीका अनुसार यसमा कपडाको तौल तथा प्रकार पहिचान गरी उपयुक्त हेरचाहमा सहयोग गर्ने एआई डिडी २.० टेक्नोलोजी समावेश गरिएको छ ।

त्यस्तै, स्टिम एलजी केयर एन्ड स्टिम रिफ्रेस सुविधाले परीक्षण गरिएको अवस्थामा ९९.९ प्रतिशतसम्म सामान्य एलर्जेन कम गर्न, गन्ध घटाउन तथा कपडा रिफ्रेस गर्न सहयोग गर्ने दाबी गरिएको छ । एलजी थिनक्युमार्फत स्मार्टफोनबाट वासरलाई मोनिटर तथा कन्ट्रोल गर्न सकिने सुविधा पनि यसमा रहेको छ । इजिडिस्पेन्स सुविधाले लन्ड्री लोडअनुसार आवश्यक डिटर्जेन्ट र सफ्टनर स्वतः प्रयोग गर्न सहयोग गर्ने कम्पनीको भनाइ छ । त्यस्तै, ६ मोसन डाइरेक्ट ड्राइभ प्लस एआई वासले कपडाको तौल र फ्याब्रिकको विशेषता पहिचान गरी वासिङ साइकललाई अप्टिमाइज गर्न सहयोग गर्ने कम्पनीको भनाइ छ ।

### ● गरिमा विकासको केन्द्रीय कार्यालय बालुवाटारमा

गरिमा विकास बैंकको आफ्नै नवनिर्मित केन्द्रीय कार्यालय बुधबारदेखि सञ्चालनमा आएको छ । काठमाडौं महानगरपालिका– ३, बालुवाटारस्थित केन्द्रीय कार्यालयको उद्घाटन नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले गरेका हुन् । यसअघि लाजिम्पाटमा रहेको बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा स्थानान्तरण भएको हो । सोही अवसरमा कार्यालयपरिसरमा निर्मित मन्दिरमा शिव पाञ्चायन प्राणप्रतिष्ठासहित धार्मिक पूजाआजासमेत गरिएको थियो ।

०६४ मा स्याङ्जाको वालिङबाट वित्तीय कारोबार सुरु गरेको यस बैंकले १ वैशाख ०६७ देखि कास्कीको महेन्द्रपुलमा केन्द्रीय कार्यालय स्थानान्तरण गरेको थियो । पछि राष्ट्रियस्तरको विकास बैंकमा स्तरोन्नति भएपश्चात् २७ चैत ०७३ मा केन्द्रीय कार्यालय पोखराबाट काठमाडौं लाजिम्पाटमा सरेको थियो । नवनिर्मित केन्द्रीय कार्यालयको समुद्घाटन कार्यक्रममा गभर्नर पौडेलसँगै धितोपत्र बोर्डका अध्यक्ष डा. गोपालप्रसाद भट्ट, नेपाल राष्ट्र बैंकलगायत अन्य नियमनकारी निकायका पदाधिकारी, गरिमा विकास बैंकका सञ्चालक समितिका सदस्यलगायतको उपस्थिति थियो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्यायले आफ्नै स्वामित्वको भवनमा केन्द्रीय कार्यालय सञ्चालनमा आएसँगै विकास बैंकको अर्को अध्याय सुरु भएको बताए । विकास बैंकको सफल व्यावसायिक यात्रामा विभिन्न संस्था, नियमनकारी निकाय, ग्राहक र सेयरधनीको योगदान महत्वपूर्ण रहेको उल्लेख गरे । त्यस्तै, विकास बैंकका अध्यक्ष दिलीपप्रताप खाँणले ग्राहकलाई थप सहज, प्रभावकारी तथा गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आगामी दिनमा अझ सशक्त रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

### ● एनएमबि बैंकको नेतृत्वमा तिला– १ जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन

एनएमबि बैंक लिमिटेडले कालीकोटमा अवस्थित ४४० मेगावाट क्षमताको तिला– १ जलविद्युत् आयोजनाका लागि अगुवा लगानीकर्ता भई वित्तीय व्यवस्थापन गरेको छ।

तिला खोलामा एससी पावर कम्पनी प्रालिले निर्माण गर्न लागेको यो आयोजनाको कुल अनुमानित लागत ५९.४ अर्ब रुपैयाँ रहेको छ। कुल लागतमध्ये बैंकहरूको ऋण लगानी ४४.५५ अर्ब रुपैयाँ रहनेछ।

वित्तीय व्यवस्थापनमा एनएमबि बैंक अगुवा बैंकको रूपमा रहेको छ भने ग्लोबल आइएमई बैंक, हिमालयन बैंक र प्रभु बैंक सहअगुवा छन्। अन्य विभिन्न बैंक तथा वित्तीय संस्थाहरु सहभागीको रूपमा रहने बताइएको छ।

एससी पावर कम्पनी प्रा.लि.को मुख्य नेतृत्व सुसन कर्माचार्य तथा उनको समूहले गरेको छ। पिपिएअनुसार आयोजनाको व्यावसायिक उत्पादन ०८७ पुस १५ गते सुरु हुने बताइएको छ। आयोजना निर्माणपश्चात् पहिलो वर्ष करिब रू. ११.४ अर्ब आम्दानी हुने अनुमान गरिएको छ।

### ● एनआइसी एसिया क्यापिटल र रूपाकोट रिसोर्टबिच आइपिओ निष्कासनसम्बन्धी सम्झौता

एनआइसी एसिया क्यापिटल र कास्कीको रूपा–६, मैदानमा कारोबार कार्यालय रहेको रूपाकोट रिसोर्ट लिमिटेडबिच प्राथमिक सेयर (आइपिओ) निष्कासनसम्बन्धी सम्झौता भएको छ। आइपिओ निष्कासनका लागि आवश्यक सम्पूर्ण परामर्शसहितको सेवा उपलब्ध गराउने गरी निष्कासन तथा बिक्री प्रबन्धक नियुक्ति गर्नेसम्बन्धी सम्झौता भएको हो।

पोखरामा अवस्थित रूपाकोट रिसोर्ट नेपालको पर्यटन तथा आतिथ्य क्षेत्रको एक आकर्षक गन्तव्यका रूपमा स्थापित हुँदै आएको छ। पोखरा उपत्यकाको पर्यटन सम्भावनालाई ग्रामीण तथा प्राकृतिक पर्यटनसँग जोड्दै रूपाकोट क्षेत्रलाई उच्चस्तरीय आतिथ्य सेवा, प्रकृति अवलोकन तथा विश्रामका लागि उपयुक्त गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले रिसोर्टले आफ्नो सेवा निरन्तर विस्तार गर्दै आइरहेको जनाएको छ।

पछिल्लो समयमा रूपाकोट रिसोर्टले आधुनिक सुविधा र स्थानीय प्राकृतिक तथा सांस्कृतिक परिवेशबिचको सन्तुलन कायम गर्दै पाहुनालाई आरामदायी तथा अविस्मरणीय आतिथ्य अनुभव प्रदान गर्दै रिसोर्टमा उपलब्ध आवासीय सुविधा, भोजन तथा पेय पदार्थ सेवा, मनोरञ्जन, विश्राम तथा विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिने पूर्वाधारले यसलाई पारिवारिक भ्रमण, आन्तरिक तथा बाह्य पर्यटक, कर्पोरेट कार्यक्रम, सभा–सम्मेलन, विवाह तथा विशेष समारोहका लागि समेत उपयुक्त गन्तव्यका रूपमा विकास गर्न सफल भएको छ।

### ● प्रभु बैंकका ग्राहकलाई ससः त्वामा १५ प्रतिशतसम्म छुट

प्रभु बैंक लिमिटेड र कीर्तिपुर नगरपालिका–३ सागलस्थित ससः त्वा हस्पिटालिटी प्रालिबिच बैंकका ग्राहकलाई छुट प्रदान गर्ने गरी सम्झौता भएको छ ।

सम्झौतापत्रमा बैंकका तर्फबाट सेन्ट्रल बिजनेस सेन्टरका प्रमुख लेखबहादुर पुन, कीर्तिपुर शाखा प्रमुख रश्मि महर्जन र ससः त्वाका तर्फबाट बिक्री तथा बजारीकरण अधिकृत सागर खनाल र सञ्चालक प्रबन्धक सुशन महर्जनले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार बैंकका ग्राहक तथा कर्मचारी तथा वैध परिचयपत्र भएका ग्राहकले ससः त्वामा खाना तथा पेय पदार्थमा १० देखि १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । छुट सुविधा लिन बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा विद्युतीय प्रणालीद्वारा बिल भुक्तानी गर्नुपर्ने बताइएको छ ।

बैंकले नेपालभर रहेका ३०० शाखा कार्यालय, २६५ एटिएम साथै ६६ एक्सटेन्सन काउन्टरमार्फत सेवाप्रवाह गर्दै आएको छ ।

### ● पोखरामा तीन संस्थालाई एसबिआई बैंकको सहयोग

नेपाल एसबिआई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विभिन्न संस्थालाई सहयोग गरेको छ । बैंकले पोखरामा सार्वजनिक सुरक्षा, स्वास्थ्य सेवा तथा शिक्षाको क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्यले तीन भिन्न संस्थालाई सहयोग गरेको हो । बैंकले फेवातालमा उद्धार कार्यमा प्रयोग हुने उद्धार उपकरण सुरक्षित रूपमा भण्डारण गर्न सशस्त्र प्रहरी बल, नेपाललाई रूफट्रस निर्माणका लागि सहयोग गरेको छ । त्यस्तै, रक्तसञ्चार सेवाको सुदृढीकरणमा सहयोग पुर्‍याउने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी, कास्कीलाई पोर्टेबल ब्लड ब्याग ट्युब सिलर प्रदान गरेको छ । त्यसैगरी, नेपाल–भारत मैत्री पुस्तकालयलाई भौतिक पूर्वाधार विस्तार तथा पुस्तक एवं पत्रपत्रिका खरिदका लागि सहयोग प्रदान गरिएको बैंकले जनाएको छ । उक्त सहयोग सामग्री भारतीय स्टेट बैंकका उपप्रबन्ध निर्देशक किशोरकुमार पोलुदासु तथा नेपाल एसबिआई बैंकका अध्यक्ष मुनीषकुमार चान्दनाले एक कार्यक्रमबिच सम्बन्धितलाई हस्तान्तरण गरे ।

कार्यक्रममा बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारी, सञ्चालकहरु रितेश सिन्हा, भरतराज वस्ती, अप्सरा उप्रेती, भारतीय स्टेट बैंकका महाप्रबन्धक मो. रिजवान आलम, उपमहाप्रबन्धक प्रिय रञ्जनको उपस्थिति थियो । सोही कार्यक्रमा एसबिआईका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख वित्तीय अधिकृत राजेशकुमार पन्डा, प्रमुख अनुपालन अधिकृत विष्णुदेव यादव, प्रमुख व्यवसाय पवर्द्धन अधिकृत प्रवीनमुनि बज्राचार्यलगायतको उपस्थिति थियो ।

### ● बिजुलीको शुल्क घटाउने तयारी

सरकारले बिजुलीको महसुल घटाउने तयारी थालेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको प्रस्तावमा १३ साउनमा विद्युत् महसुल दरको पुनरावलोकन गर्न नेपाल विद्युत् प्राधिकरणले समिति बनाएको थियो ।

प्राधिकरणका सञ्चालक समिति सदस्य अंशुकिरण शाहीको संयोजकत्वमा गठित समितिले उपभोक्ता र उद्योगहरूलाई सहुलियत दरमा बिजुली उपलब्ध गराउने गृहकार्य अगाडि बढाएको हो ।

समितिमा ऊर्जा मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, ऊर्जाविज्ञ, उपभोक्ता र वित्त विज्ञहरु सदस्य छन् । संयोजक शाहीले हाल वर्षायाममा उत्पादित विद्युत् बढी भई खेर गइरहेको अवस्थालाई मध्यनजर गर्दै आन्तरिक खपत बढाउन महसुल पुनरावलोकन गर्न लागिएको बताए ।

वर्षायामा विद्युत् खेर जाँदा प्राधिकरणले मासिक अर्बौं रूपैयाँ नोक्सानी व्यहोर्नुपरिरहेको भन्दै उनले सिजनल ट्यारिफ'मार्फत उपभोक्ता र उद्योगहरूलाई सहुलियत दरमा बिजुली उपलब्ध गराई खपत बढाइने बताए । उनका अनुसार उद्योगहरूलाई पनि सहुलियत दिने तयारी छ । उद्योगलाई वर्षायामको बिजुली सस्तो बनाउँदा उनीहरूले उत्पादन गर्ने सामानहरु उपभोक्तालाई कति सस्तोमा दिन सक्छन् भनेर पनि समन्वय भइरहेको उनले बताए ।

### ● माछापुच्छ्रे बैंकको डिसिइओमा पाँडे

माछापुच्छ्रे बैंक लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ)मा कल्याणविक्रम पाँडे नियुक्त भएका छन् । उनले २९ साउनदेखि नै पदभार ग्रहण गरिसकेका छन् । नवनियुक्त डिसिइओ पाँडेसित बैंकिङ क्षेत्रमा करिब २५ वर्षभन्दा बढीको कार्यानुभव छ । यसअघि उनले ग्लोबल आइएमई बैंक, साबिकको जनता बैंक, लक्ष्मी बैंक तथा कुमारी बैंकलगायतका संस्थामा विभिन्न महत्वपूर्ण जिम्मेवारीमा रही काम गरिसकेका छन् ।

### ● सात संस्थामा महालक्ष्मी विकासका ग्राहकलाई छुट

महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकले विभिन्न सातवटा संघ–संस्थामा छुट पाउने भएका छन् । बैंकले स्वास्थ्य, होटेल तथा रेस्टुरेन्ट क्षेत्रका संस्थासँग समन्वय गरी ग्राहकलाई छुट दिलाउन सम्झौता गरेको हो ।

सम्झौताअनुसार कुरिनटार, चितवनस्थित मनकामना हिलक्रेस्ट होटेलमा १२.५, ठमेलस्थित छायादेवी कम्प्लेक्समा १५ र लाजिम्पाटस्थित एल्लो हात्तीमा १० प्रतिशतसम्म छुट पाउनेछन् ।

## २०८२...

नेतृत्वमा सरकार गठन गरेको थियो । २०८२ भाद २३ र २४ गते भएको दुःखद घटनामा संलग्न रहेकाहरु प्राय सबै रास्वपामा प्रवेश गरेका र उनीहरूले पूराना दलहरूले भ्रष्टाचार बढाएको डेलिभरी दिन नसकेको अनि भाद्र २३ गतेको विरोध प्रदर्शनमा गोली चलाएर विद्यार्थीहरूको हत्या गरेको आरोप तत्कालिन केपी ओली नेतृत्वको सरकारलाई लगाएर जनताको मत लिन सफल भएका थिए ।

२०८२ भाद्र २३ र २४ गतेको घटनाकै कारण नयाँ भनिएका तर पुरानै दल रास्वपाले भाद्र २३ र २४ गतेको घटनालाई जनताको नजरमा पूराना भनिएका दलहरूकै कारण भएको भाष्य बनाउन सकेको हुनाले मात्र रास्वपाले झण्डै दुई तिहाई मत पाएको हो ।

बालेन सरकार गठन भएको ५ महिना पुग्न लागेको छ । यसबीचमा पनि बालेन सरकारले जनतामाथि गोली चलाएको छ । गत श्रावणमा सुनसरी लगायतका मधेश प्रदेशका जिल्ला सुरक्षाकर्मी गोली लागेर ४ जनाको निधन भएको छ तर बालेन सरकारले त्यसको जिम्मेवारी लिएको छैन । २०८२ भाद्र २३ मा तत्कालिन केपी ओली नेतृत्वको सरकारले गोली चलाएर जनता मारेको आरोप लगाउने रास्वपाले आफ्नो नेतृत्वको सरकारले समेत गोली चलाएर जनता मारेको विषयमा मौन रहनुको अर्थ के ? के रास्वपाले सत्ता हत्याउनकै लागि मात्र तत्कालिन ओली सरकारमाथि गोली चलाएको आरोप लगाएको थियो भने आफ्नो नेतृत्वको सरकारले समेत गोली चलाएर जनता मार्दा किन सरकारमाथि जनताको हत्या गरेको आरोप लगाउन चाहेन त ? अब त्यसको उत्तर रास्वपा नेतृत्वले जनतालाई दिनुपर्दछ ।

अहिलेको अवस्था भनेको पुरानो राजनीतिको संस्कृतिलाई प्रतिस्थापना होइन केबल नयाँ अनुहारमा भई रहेको पुरानै प्रवृत्ति मात्र हो । त्यसैले वास्तविक विकल्पको मापन दल कति पुराना र नयाँ छन् भन्ने आधारमा होइन उसले राजनीतिमा कति नयाँ विचार दिन सक्छ, नयाँ संस्कार र नयाँ कार्य सम्पादन स्थापित गर्न सक्छ भन्ने आधारमा मापन गरिनु उपर्युक्त हुनेछ । पुराना र नयाँ दुवै दलहरूलाई चेत होस् भिडले क्षणिक रूपमा ताली र हुटिङ त दिन सक्छ तर मुलुक चलाउन परिपक्क नीति, दुरदर्शिता र विधिको शासन व्यवस्था नै चाहिन्छ । डिजिटल स्पेसमा जारी विचार शुन्य, हिलो छ्यापाछ्यापले कसैलाई पनि सखाप बनाउन सक्छ । त्यसैले सम्वादको राजनीतिलाई गोलीको संस्कृतिबाट मुक्त गरी पुर्नविचार, एजेण्डा र डेलिभरीको धरातलमा फर्किनु आजको आवश्यकता हो । प्रधानमन्त्रीले आफ्नो फेसबुकमा लेख्ने गरेर, गाली गलौज गरेर ताली त बज्ला तर त्यसले देशको राजनीतिलाई अगाडि बढाउन सक्ने सम्भावना नै देखिँदैन । त्यसैले राजनीतिक रूपमा प्रधानमन्त्री बालेन नै सच्चिएर सबै दलको सहयोग र समर्थनमा अघि बढेमात्र बालेन सरकारको भविष्य सुरक्षित हुन सक्छ । अहिलकै अवस्थामा बालेन सरकारको भविष्य अधिकार रहेको जस्तो देखिन्छ ।

# इमाडोलमा खुल्यो भायानेटको सुविधासम्पन्न शाखा

काठमाडौं । इन्टरनेट तथा टेलिभिजन सेवाप्रदायक भायानेट कम्युनिकेसनले ललितपुरको इमाडोल, रातामकै चोकमा आफ्नो शाखा विस्तार गरेको छ । कम्पनीले इमाडोलमा ग्राहकको बढ्दो संख्या र आवश्यकतालाई ध्यानमा राखी सुविधासम्पन्न शाखा सञ्चालनमा ल्याएको जनाएको छ । शाखाबाट भुक्तानी तथा ग्राहक सेवासँगै प्राविधिक सहायता, फिल्ड सपोर्ट तथा फाइबर मर्मत–सम्भार सेवासमेत स्थानीय रूपमा उपलब्ध हुने बताइएको छ । शाखा सोमबारबाट औचारिक रूपमा सञ्चालनमा आउँदै छ । आधुनिक र डिजिटल युगमा तीव्र गतिको इन्टरनेट मानव जीवनको एक अनिवार्य आवश्यकता बनिसकेको छ । शिक्षा, अनलाइन अध्ययन, घरबाटै गरिने काम, व्यावसायिक गतिविधि, डिजिटल भुक्तानी तथा मनोरञ्जनका लागि भरपर्दो इन्टरनेटको पहुँच अपरिहार्य छ । ग्राहकको यही दैनिक आवश्यकता र निर्भरतालाई ध्यानमा राख्दै भायानेटले निर्बाध र उच्चस्तरीय इन्टरनेट सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ ।

इमाडोल तथा आसपासका क्षेत्रका ग्राहकले नयाँ इन्टरनेट तथा भायाटिभी जडान, महसुल भुक्तानी, प्राविधिक तथा ग्राहक सहायतासम्बन्धी सम्पूर्ण सेवा अझ छिटो र सहज रूपमा प्राप्त गर्न सक्ने बताइएको छ ।

## सत्तामा...

नेता तथा कार्यकर्ताहरूमाथि झोले भन्दै उनीहरूका विरूद्ध विभिन्न हथकण्डा मच्चाउन थालिएको छ । जनताले एक सिलिण्डर ग्यास पाउन संघर्ष गरिरहेका छन् । खाली सिलिण्डर बोकेर जनता ग्यासको खोजिमा भौतारिएका भएपनि ग्यास पाउन सकेका छैनन् । ग्यासको आयात भै रहेको छ तर बजारमा ग्यासको हाहाकार भएको छ यसको एउटै कारण हो बालेन सरकारको असफलता ।

प्रधानमन्त्री बालेन फेसबुकमै रमाउन थालेका छन् । स्टाटस मार्फत विपक्षी दलका नेता तथा कार्यकर्ताहरूलाई गाली गर्ने झोले भन्दै उनीहरूका विरूद्ध दिनहुँ स्टाटस लेखिएरहेका छन् । सरकारले जनतालाई डेलिभरी दिनुपर्नेमा त्यसो हुन सकेको छैन । पुराना दललाई मतदान गर्नेहरु झोले हुन् भन्ने रास्वपालाई मतदान गर्नेहरु के हुन् सरकार ?

राजनीतिक शक्तिले नयाँ अध्याय खोल्नु सक्छ तर यो अध्याय कति टिक्छ भन्ने विषय नै महत्वपूर्ण हुन्छ । नेतृत्वको सक्षमता र निष्पक्षताले नै राजनीतिक चरित्रलाई व्यवहारमा कसरी उत्तारिन्छ भन्ने महत्वपूर्ण विषय हो । स्थायी सरकार भनिने कर्मचारीतन्त्रलाई डण्डा देखाएर वा तर्साएर न मुलुकको विकास हुनसक्छ, नत जनताले नै डेलिभरी पाउन सक्छन् ? ग्यास आयात पहिलाको भन्दा बढी भइरहेको छ तर बजारमा किन ग्यासको हाहाकार भयो त्यसको जवाफ सम्बन्धित क्षेत्र र सरकारले जनतालाई दिनु किन नपर्ने ?

विगतको अधुरो काम सत्ता लिन वा सत्तामा पुग्न मात्र होइन । सत्तालाई नतिजामुखीमा बदल्नु महत्वपूर्ण कार्य हो । आउँदो पुस्तालाई सेवा गर्न आफू सक्षम बनाउन पनि सत्ताकै काम हो तर अहिले त्यस्तो अवस्था देखिएको छैन । बालेन सरकार आफ्नो नेतृत्वको सरकारको विरोध भएको देख्न र सुन्न सक्ने अवस्थामा छैन । स्थायी सरकार भनिने कर्मचारीतन्त्रलाई समेत तहसनहस पारिएको छ । संविधान अनुसार गठन गएर सञ्चालन भैरहेका महत्वपूर्ण सरकारी निकायहरूमा हस्तक्षेपमात्र गरिएको छैन पत्रकारलाई समेत आफ्नो गुणगान गाउने अभ्यासको रूपमा अघि बढ्ने प्रयास भएको छ । लेखेकै भरमा पत्रकारहरूलाई पक्राउ गर्ने गरिएको छ । के नयाँ भनेको यही हो ?

## प्रधानमन्त्री...

उपस्थित भएर सांसदहरूले उठाएका प्रश्नको जवाफ दिन रूलिङ माग गरिरहेका थिए ।

विपक्षी दलहरूको माग अनुसार नै सभामुख अर्यालले रूलिङ मात्र गरेन उनले प्रधानमन्त्रीलाई भाद्र १० गते संसदमा उपस्थित भएर सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिन मिति नै तोकिदिएका छन् । प्रधानमन्त्रीले प्रत्येक महिनाको पहिला सत्ताको एक दिन सांसदको प्रश्नको जवाफ दिनुपर्ने प्रतिनिधिसभा नियमावलीमा उल्लेख भएपनि त्यसलाई प्रधानमन्त्री बालेनले उल्लंघन गर्दै आएका थिए । त्यसरी प्रधानमन्त्रीले नियमावली उल्लंघन गरेको हुनाले सभामुख अर्याल प्रधानमन्त्रीलाई रूलिङ गर्न बाध्य भएका हुन् ।

गत जेष्ठ १७ गते प्रधानमन्त्री बालेनले सीमा सम्बन्धी विवादास्पद अभिव्यक्ति दिएपछि त्यसको चौतर्फी विरोध भएको र सांसदहरूले प्रधानमन्त्रीलाई संसदमा आएर स्पष्टीकरण दिनुपर्ने माग गर्दै आएका थिए भने सभामुख अर्यालले समेत रूलिङ गर्न सकेका थिएनन् । सरकारको नीति तथा कार्यक्रममाथि छलफल हुँदा समेत प्रधानमन्त्रीले सांसदले उठाएका प्रश्नको जवाफ दिएका थिएनन् । यी सबै कारणहरूले गर्दा प्रधानमन्त्री बालेनले आफूलाई संसदीय परम्परा विरूद्ध उभिएका थिए तर अचानक सभामुखले रूलिङ गरेको हुनाले त्यसको रहस्य के हो भन्ने प्रश्न समेत उठेको छ ।

## सरकारकै...

सिलिण्डर बोकेर विभिन्न ठाउँमा भौतारिन बाध्य भएका छन् । डिलरहरूबाट ग्यास नपाउँदा उपभोक्ताहरूको खर्च बढेको छ । आफ्नै क्षेत्रका डिलरहरूबाट ग्यास नपाएपछि सिलिण्डर बोकेर टाढा टाढा पुग्दा पनि ग्यास पाउन सकेका छैनन् । यसले गर्दा बृद्धबृद्धा विरामी परेका र घरमा बुढाबुढीमात्र रहेको परिवारहरूलाई संकट परेको छ भने उनीहरूले होटलमा खाना खानुपर्ने बाध्यता सरकारले सिर्जना गरिदिएको छ ।

जान्नेलाई छान्ने भने रास्वपाको नारा अहिले खाली सिलिण्डरमा पोखिएको छ । ग्यास आयातमा कुनै कठिनाई नभएको र साविकभन्दा बढी ग्यास आयात भइरहेका सरकारको भनाई रहेको भएपनि किन, ग्यास सहज रूपमै पाइँदैन त भन्ने प्रश्नको जवाफ बालेन सरकारले जनतालाई दिन सकेको छैन ।

जनताले पैसा तिरेर पनि लामो समयसम्म ग्यास नपाउनु भनेको बालेन सरकारको अकर्मण्यता र नालायकीपन हो भन्दै उपभोक्ताहरु खाली सिलिण्डर बोकेर विभिन्न ठाउँमा पुगिरहेका छन् । तर पनि उनीहरूले ग्यास पाउन सकेका छैनन् । यस कारणले गर्दा तत्काल सरकारले डिलरमार्फत नै सहज रूपमा ग्यास उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । जनतालाई खोक्रो नारा दिएर, जालझेल र षड्यन्त्र गरेर सत्तामा पुगेको रास्वपा नेतृत्वको बालेन सरकारप्रति जनताको आक्रोश दिनप्रतिदिन बढ्दै गएको छ ।

## पुराना...

कसरी प्रभावकारी बनाउने भन्ने प्रश्न नै अहिले ओझेलमा पारिएको छ ।

पुराना दलहरूले गरेको देश विकास र विकास निर्माणका कार्यलाई समेत नयाँ भनिएका र हाल सत्ताको नेतृत्व गरिरहेको रास्वपा नेतृत्वको सरकारले स्वीकार गर्न सकेको छैन । एकलौटी रूपमा रास्वपाका सांसदहरु पुराना दल र तिनका नेताहरूका विरूद्ध जनतालाई भड्काएर आफ्नो स्वार्थ पूरा गर्न लागि परेका छन् । देशमा स्थापित संस्थाहरूको मानमर्दन गरी कस्तो विकास यिनले खोजेका हुन् ? सम्वैधानिक निकायदेखि स्थापित भएका संघ, संस्थाहरु र सुरक्षा निकायका काम कारबाहीका बारेमा समेत बालेन सरकार प्रतिशोधको राजनीतिमा लाग्दै गएको आभास पाउन थालिएको छ । रास्वपाका सांसदहरूको बोली, व्यवहार र उनीहरूले संसद र संसदीय समितिहरूमा देखाएको व्यवहार नेपाली जनताले पत्याउन सक्ने खालका छैनन् ।

पुराना दललाई मतदान गर्नेहरु पुराना दलका झोले हुन् भन्ने भाष्य निर्माण गरिएको छ । यदि त्यसो हो भने रास्वपालाई मतदान गर्नेहरु के रास्वपाका झोले हुन् त ? यसको जवाफ रास्वपा नेतृत्व र उसका सांसदहरूले जनतालाई किन दिनुपर्ने हँ ? जनताले विकास निर्माण चाहेका छन् । सर्वसुभल रूपमा उपभोग्य बस्तुहरु चाहेका छन् तर अहिले बालेन सरकारले जनतलाई सर्वसुलभ रूपमा ग्याससम्म उपलब्ध गराउन सकेका छैन ।

२०७२ सालमा गएको भूकम्पका बेलासम्म जनताले नियमित रूपमा ग्यास पाउँदै आएका थिए तर अहिले किन जनताले सर्वसुलभ रूपमा आफूले चाहेको र आफू बसेकै क्षेत्रबाट ग्यास पाउन सकेका छैनन् ? त्यसको जवाफ बालेन सरकारले दिनुपर्ने किन नपर्ने ? पुराना भनिएका दल र तिनका नेताहरूलाई गोली गलौज गरेर मात्र सरकार कति दिन टिक्छ त ?

## सरकार गफमा...

खाली सिलिण्डर बोकेर जनता सरकारले बाँड्ने भनेको ग्यास विक्रि केन्द्रमा पुग्दा पनि एक सिलिण्डर ग्यास पाउन सकेनन् भने वर्षाको समयमा रूझेर उनीहरु दिनभरी ग्यास पाउने आशामा बस्न बाध्य भए । तर बालेन सरकारले जनताको त्यो अवस्था देखेन ?

युवा वर्गले राजनीतिक परिवर्तनको प्रक्रियालाई अघि बढाएका छन् । अब राजनीतिक दलहरूको काम भनेको आर्थिक अवसर बढाउने सबैलाई समान अवसर दिने, नेतृत्व गर्न सक्ने युवालाई तयार पार्ने, अहिलेसम्म भएका विकास निर्माणलाई दिगो बनाउने र विकास निर्माणसँगै अहिले सम्म तयार पारिएका संघ संस्थाहरूलाई बलियो बनाउने हुनुपर्नेमा बालेन सरकारबाट त्यस्तो अबस्था देखिएको छैन ।

राजनीतिक शक्तिले नयाँ अध्याय खोल्न सक्छ तर त्यो कति दिगो हुन्छ भन्ने मुख्य प्रश्न हो । गएको भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शन र विध्वसात्मक कार्यले गर्दा रास्वपाले झण्डै दुई तिहाई मत पाएको हो । गतभाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यमा संलग्न रहेका सबै रास्वपामा प्रवेश गरेका र उनीहरु नै अहिले सत्तामा रहेका हुनाले जनताले उनीहरूबाट ठुलो आशा गरेको भपनि जनताका ती आशाहरु क्रमश निराशामा परिणत हुँदै गएका छन् ।

बालेन सरकार गठन भएको ५ महिना मै सरकारका विरूद्ध जनता सडकमा आउन बाध्य पारिएको छन् वा बाध्य भएका छन् । तर प्रधानमन्त्री बालेन भने फेसबुकमा स्टाटसमै रमाउँदै विपक्षी र पूराना दलहरूका नेताहरूलाई गाली गर्नेमा व्यस्त रहेकाले गर्दा जनता विस्तारै पूरानै दलको समर्थनमा फर्किन थालेका छन् ।

## १८ करोडको...

छन् । 'दुई महिना अथक प्रयास गरेँ, राज्यका ढोका–ढोका पुगेँ, न्यायको आशामा राज्यलाई गुहारेँ,' उनले भनेका छन्, 'तर न राज्यले आवाज सुन्यो, न त आ^नो पीडा मन खोलेर सुनाउने अवसर नै पाएँ । समस्या समाधान हुने त कुरै भएन, उल्टै १५ करोड विनियोजित बजेटसमेत भरतपुर महानगरपालिकाबाट फ्रिज हुने अवस्था आयो ।'

उनले १८ करोड ४३ लाख रूपैयाँको भारी, अधुरा सपना र मनभरिको पीडा बोकेर आ^नै मातृभूमि छोड्न बाध्य भएको बताएका छन् । 'आ^नै देशमा न्याय खोज्दा आ^नै आवाज बेवारिसे भएको अनुभूति भएको छ,' उनले भनेका छन्, 'देशमा इमानदारीका साथ केही गरौँ, आ^नै माटोलाई केही दिऔँ भन्ने सपना देख्नेहरूको नियति सायद यस्तै हुँदो रहेछ ।'

उनले १० वर्ष आ^नो उर्वर समय समाज र राष्ट्रका लागि समर्पण गर्दा राज्यबाट पाएको प्रोत्साहन भनेर कटाक्ष गरेका छन् । लेखेका छन्, 'मन निकै भारी भएको छ, ओठ कापेका छन्, आँखा रसाएका छन्, तर हृदयको कुनै कुनामा आशा अझै बाँकी छ, कुनै दिन राज्यले सम्झिनेछ, समयले सत्य बोल्नेछ ।'

उनले आ^नो पीडा सुनिने, संघर्षको मूल्य बुझिने र देशभक्ति भावनाको कदर हुने आशा जीवितै राख्दै भनेका छन्, 'त्यो दिन आ^नै देशमा न्याय खोज्नेहरूको आवाज दबिनुपर्ने छैन, त्यही दिनको पर्खाइमा हामी रहनेछौँ, चाँडै फेरि हजुरहरूसँग भेट हुनेछ, मुटुभरिको माया र सम्मान हजुरहरु सबैलाई' भन्दै स्टाटस लेखेर अमेरिका फर्किएका छन् ।

## समाचार...

नेपालको संविधानको प्रस्तावले बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मौलिक अधिकार, मानव अधिकार र कानुनी शासनको मान्यता अनुरूप पूर्ण प्रेस स्वतन्त्रतालाई सम्वैधानिक चरित्रका रूपमा स्वीकार गरेको अदालतले स्मरण गराएको छ । संविधानको धारा १९ ले सञ्चारको हक अर्न्तगत विद्युतीय प्रकाशन तथा प्रसारण सहि समाचार, सम्पादकीय, लेख, रचना तथा अन्य सामाग्री प्रकाशन र प्रशारण गर्ने, अधिकार सुनिश्चित गरेको तथा प्रकाशन पूर्व प्रतिबन्ध नलगाइने व्यवस्था गरेको पनि अदालतले उल्लेख गरेको छ ।

त्यस्तै छापा विद्युतीय प्रसारण वा अन्य सञ्चारमाध्यमलाई समाचार वा सामाग्री प्रकाशित गरेकै आधारमा बन्द जफत वा दर्ता खारेज गर्न नहुने सम्वैधानिक संरक्षण रहेको अदालतलको व्याख्या रहेको छ । यहि सम्वैधानिक व्यवस्थाको रोहमा सर्बोच्चले सञ्चारमाध्यममा समाचार प्रकाशित गरेकै आधारमा पत्रिकाका सम्पादक वा प्रकाशकलाई गिरफ्तार गरी थुनामा राख्न मिल्ने अवस्था नरहेको प्रष्ट पारेको छ ।

सर्बोच्चले प्रेस स्वतन्त्रता निरपेक्ष अधिकार भने नभएको उल्लेख गरेको छ । गाली, बेइज्जती, अदालतको अवहेलना, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्य लगायत संविधानले तोकेको आधारमा राज्यले कानुन बनाएर सञ्चार तथा प्रकाशनको हकमा मनसिप प्रतिबन्ध लगाउन सक्ने सर्बोच्चले आफ्नो आदेशमा भनेको छ । अहिलेको विवाद दुई अधिकारबीचको सीमा स्पष्ट रूपमा छुट्याउनुपर्ने अदालतको भनाई रहेको छ ।

एकातिर सञ्चार संस्थाको समाचार प्रकाशनसम्बन्धी अधिकार र अर्कोतर्फ बैयक्तिक गोपनियताको अधिकार सर्बोच्चको भनाई रहेको छ । यी दुई अधिकार बाझिएका र सरकारमा बस्नेहरूले यिनै दुवै अधिकारको दुरूपयोग गर्न सक्ने भएको समाचार प्रकाशनसम्बन्धी अधिकार वैयक्तिक अधिकार अलग अलग भएकोले त्यस विषयमा कानुनको आवश्यक देखिन्छ ।


**सूचनाको हकः नागरिकको मौलिक अधिकार**

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार